सत्ता समीकरण परिवर्तनपछि कांग्रेसमा छटपटाहट... | पृष्ठ ७ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३५० • २०८१ साल जेठ ५ गते शनिबार (18 May, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## कांग्रेसका सांसद झगडामा उत्रेका छन् : ओली



**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाली कांग्रेसका सांसदहरुले आफूसँग संसदमा झगडा गरेको नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले गुनासो गरेका छन् । शुक्रबार बाराको प्रसौनी गाउँपालिकाको नवनिर्मित प्रशासनिक भवनको उद्घाटन गर्दै उनले यस्तो बताएका छन् ।

बिहीबार कांग्रेसका सांसदहरुले संसद अवरोध गर्ने क्रममा आफूसँग झगडा पनि गरेको उनले बताए । सहकारी ठगीको सम्बन्धमा संसदीय छानबिन समिति बनाउनुपर्ने माग गर्दै संसदमा नाराबाजीमा उत्रेका कांग्रेसका सांसदहरुले आफू बसेको ठाउँमा आएर तथानाम बोलेको आरोप पनि ओलीले लगाए ।

उनले कांग्रेसका महामन्त्रीले आफूविरुद्ध संसद बाहिर गएर पत्रकार सम्मेलन पनि गरेको ओलीले बताए । 'आफूलाई लोकतन्त्रको मसिहा बताउने पार्टी कांग्रेसकै महामन्त्रीले मेराविरुद्ध पत्रकार सम्मेलन गरे,' उनले भने, 'संसदमा म बसिरहेको ठाउँमा आएर तथानाम बोल्दा संसदको चलनअनुसार बोल्न भन्दा मसित झगडा गरे ।'

कांग्रेसलाई संसदीय छानबिन समिति नभई सरकार चाहिएकोले रवि लामिछानेको मुद्दा उचालेको पनि ओलीको भनाइ थियो ।

### विपक्षी दलको बैठकमा गएनन् सीके

# कांग्रेस, राप्रपा, लोसपा र जसपा नेपाल एकजुट

**टुडे समाचारदाता**

काठमाण्डु । संसद अबरुद्ध भइरहेको बेला सहकारीको रकम अपचलन छानविन गर्न संसदीय समितिको मागमा अडिग रहेको नेपाली कांग्रेसले शुक्रवार बोलाएको विपक्षी दलहरुको बैठकमा जनमत पार्टी सहभागी भएन् ।

कांग्रेसका सभापति समेत रहेका संसदीय दलका नेता शेरबहादुर देउवाले सरकार भन्दा बाहिर रहेका दलका शीर्ष नेताहरुको बैठक बोलाएका थिए ।

बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा), लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा), जनता समाजवादी पार्टी(जसपा)नेपालको सहभागिता थियो ।

तर जनमत पार्टी भने सहभागी भएन् । यस अघि हुने बैठकहरुमा जनमत पार्टीका अध्यक्ष सीके राउत जाने गरेका थिए । तर यस पटक बैठकमा जनमत पार्टीले सहभागिता जनाएनन् ।

प्रतिनिधि सभाको बिहीबार बसेको बैठकमा कांग्रेसलाई पेलेर सभामुख देवराज घिमिरेले संसदीय कारबाही अगाडि बढाउने प्रयास गरेपछि अप्रिय स्थिति सृजना भएको थियो । कांग्रेस र एमालेका सांसदहरुबीच धकेलाधकेलमा एमालेका अध्यक्ष केपी शर्मा ओली समेत परेका थिए । अध्यक्ष ओलीले कांग्रेसले चल्न नदिदैमा संसद अबरुद्ध नहुने भन्दै आफ्ना सांसदहरुलाई बोल्न निर्देशन दिएका थिए ।

प्रमुख प्रतिपक्षमा रहेको कांग्रेसले संसदमा विपक्षी दलहरुको साथ खोजेको छ । एमालेसित भएको धेकेलाधकेल पछि कांग्रेसले विपक्षी दलहरुलाई मिलाएर छानविन समिति गठनका लागि थप दबाब बढाउने रणनीति बनाएको छ ।



संघीय गठबन्धन बाहिर रहेको जनमत पार्टीलाई सरकारमा ल्याउन एमाले अध्यक्ष ओली र प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'ले संवाद गरिरहेको स्रोतहरुले जनाएका छन् । तर जनमतले अहिले कुनै संकेत गरिसकेको छैन् ।

प्रधानमन्त्री प्रचण्डले जेठ ७ गते विश्वासको मत लिने तयारी गरेका छन् । जनमतले विश्वासको मत दिने, नदिने टुंगो लागिसकेको छैन् । जसपा नेपाल संघीय गठबन्धनबाट बाहिरिएको कारण जनमत पार्टी गठबन्धनमा समावेश हुन सक्ने उच्चस्रोतले जनाएका छन् ।

स्रोतका अनुसार कांग्रेसको बैठकमा जसपा नेपाललाई बोलाइएकै कारण जनमत पार्टी सहभागी भएको छैन् । यद्यपि जनमतका नेताहरुले समयाभावका कारण बैठकमा सहभागी हुन नसकेको बताएका छन् ।

जनमत पार्टीले जेठ १५ गते काठमाण्डुमा बृहत्त जनप्रदर्शनको तयारी गरिरहेको छ । नयाँ गणतन्त्रका लागि आन्दोलनको घोषणा गर्ने सो जनप्रदर्शनको तयारीमा जुटेकाले बैठकमा सहभागी नभएको एकजना नेताले बताए ।

मधेश र केन्द्रमा समेत जसपा नेपालसित बस्न नसक्ने बताउँदै आएका जनमतका नेताहरुले बैठकमा नजानुको कारण उपेन्द्र यादवको सहभागिता रहेको बताइन्छ ।

मधेश प्रदेशमा जनमतले सत्तासाझेदारीका लागि मुख्यमन्त्रीलाई बटमलाईन बनाएको छ । तर जसपाले तत्कालै सरकारको नेतृत्व छाड्न चाहेको छैन् । जसपा नेपाल र जनमतबीच गएको पुस महिनादेखि तिक्तता निकै बढिसकेको छ ।

कांग्रेस सहितको गठबन्धनमा जसपा नेपाल पुगेपछि जनमत संघीय सत्तारुढ गठबन्धनमा जाने संभावना बलियो छ । संघीय गठबन्धनसँगै जनमतले मधेश प्रदेशमा सरकारको प्रयास गर्नेछ । एमाले र माओवादीले मुख्यमन्त्री सरोज कुमार यादवलाई दिएको समर्थन फिर्ता लिएकै दिन प्रदेश सभा परिसरमा भएको बैठकमा जनमत संसदीय दलका नेता महेश प्रसाद यादवले हातेमालो गरेका थिए ।

यद्यपि एमाले र माओवादीले पनि आफै सरकारको नेतृत्व चाहेका छन् । माओवादी केन्द्र संसदीय दलका नेता भरत साहले सुरसण्ड बैठकमा मुख्यमन्त्रीका लागि आफूलाई प्रस्ताव समेत गरिसकिएको दावीगर्दै त्यस अनुसार नै अगाडि बढनुपर्ने दावी गरिरहेको एकजना नेताले बताए ।

जसपा नेपाल र जनमत पार्टीबीच मधेश प्रदेश सरकारको विषयमा हालसम्म अनौपचारिक ,औपचारिक छलफल समेत भएको छैन् । तर कांग्रेस र लोसपाले मधेश प्रदेशमा जसपा नेपाललाई सुरक्षित अवतरण(सेफल्याण्डिंग)गर्न सघाउने संकेत गरेका छन् ।

आलोपालोको लिखित सहमति गरी जसपा नेपालको सरकारलाई तत्काल विश्वासको मतदिन कांग्रेस र लोसपा लचकता देखाएका छन् । नेकपा एकीकृत समाजवादी पार्टी(नेकपा एस)ले भने जसपा नेपालको साथ छाडेको छैन् ।

मधेश प्रदेशमा कांग्रेस, लोसपा, जसपा नेपाल र नेकपा एस मिलेर सरकार बनाउन पर्याप्त बहुमत रहेको छ । एमाले, माओवादी र जनमतलाई पनि नेकपा एस अथवा लोसपाको साथ अनिवार्य चाहिन्छ ।

कांग्रेसको बैठकमा जनमत सहभागी नभएर जसपा नेपाल सहितको गठबन्धनमा नरहने प्रष्ट संकेत गरेको नेताहरुको बुझाइ छ ।







# मधेशका ६ जिल्लाको सीमानाका बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको बिहार राज्यको मधुवनी, सीतामढी र पूर्वी चम्पारण जिल्लामा हुन लागेको निर्वाचनका लागि भारतसँग जोडिएका मधेस प्रदेशका छ वटा जिल्लाको सीमानाका बन्द भएको छ।

आगामी सोमबार मधुवनी, सीतामढी र पूर्वी चम्पारणमा मतदान हुन लागेकाले मतदानभन्दा ७२ घण्टा पहिले सीमानाका बन्द हुन लागेको जिल्ला प्रशासन कार्यालयहरुले जनाएको छ।

शुक्रबार राति १२ बजेदेखि सोमबार राति १२ बजेसम्म नेपाल-भारत सीमा बन्द रहने सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही र रौतहटसँग जोडिएका सीमानाका बन्द भएको छ।

भारतमा हुने निर्वाचनको सुरक्षालाई मध्यनजर गरी शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गर्न नेपाल-भारत सीमा संयुक्त समन्वय समितिको बैठकले गरेको निर्णयअनुसार सीमानाका बन्द गर्न लागिएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले जानकारी दिए।

मधुवनीका डिएम अरविन्द कुमार वर्माले धनुषा, सिरहा, सप्तरी र महोत्तरीका प्रमुख जिल्ला अधिकारीहरुलाई पत्र लेख्दै केही महिना पहिले भारतको मधुवनीमा भएको सीमा जिल्ला समन्वय समितिको बैठकअनुसार चुनावका लागि ७२ घण्टाअगावै बोर्डर बन्द गर्न आग्रह गरेका छन्।

यसअघि मधुवनीको झन्झारपुर संसदीय क्षेत्रमा मतदान भएको समयमा समेत ७२ घण्टाको लागि सीमानाका बन्द भएको थियो। यस्तै, जेठ १२ गते सीतामढी र पूर्वी चम्पारणमा हुने मतदानका लागि ७२ घण्टाअगावै पुनः बोर्डर सिल गरिने जिल्ला प्रशासन कार्यालय, सर्लाही र रौतहटले जनाएको छ।

# एम्बुलेन्सभित्र 'सिसिटिभी' र 'जिपिएस ट्राकर' अनिवार्य

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा सञ्चालन रहेको एम्बुलेन्सहरूमा अनिवार्य रूपमा सिसिटिभी क्यामेरा र जिपिएस ट्राकर लगाउनुपर्ने भएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषामा बसेको बैठकमा यस्तो निर्णय गरिएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक रञ्जन अवाले जानकारी दिए।

एम्बुलेन्स सेवालाई व्यवस्थित, मर्यादित र पार्दशी रूपमा संचालन गर्नुपर्ने निर्णय गरेको छ।

यस्तै, एम्बुलेन्सलाई समय समयमा मर्मतसंभार गर्नुपर्ने, एम्बुलेन्सभित्र मेडिकल समानहरू अनिवार्य रूपमा राख्नुपर्ने, एम्बुलेन्स चालकहरूलाई समय समयमा सुरक्षा तथा मेडिकल सम्बन्धि तालिमको व्यवस्था गर्नुपर्ने, एम्बुलेन्सको स्विकृति प्राप्त भएको ठाउँबाट एम्बुलेन्स संचालन गर्नुपर्ने र ट्राफिक नियमको पूर्णरूपमा पालना गर्नुपर्ने निर्णय भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।



धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारी, जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक हरिबहादुर ओली र धनुषा जिल्लाभित्र रहेका एम्बुलेन्स संचालक तथा चालकहरूको उपस्थितिमा बसेको बैठकले

# कुटपिटबाट बालिकाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा एक बालिकाको कुटाइबाट मृत्यु भएको छ। जिल्लाको धनुषाधाम नगरपालिका-९ स्थित क्वाटर टोलमा छिमेकीको कुटपिटबाट १२ वर्षीया बालिकाको मृत्यु भएको छ।

लालबाबु कापरकी छोरी १२ वर्षीया ललिता कुमारी कापरको उपचारका क्रममा मृत्यु भएको छ। धनुषा प्रहरीले शुक्रबार कुटपिटमा संलग्न भन्दै स्थानीय ६५ वर्षीय प्रेमबहादुर तामाङलाई पक्राउ गरेको छ।

वैशाख २७ गते ललिताले आफ्नै फुपुको बारीमा रहेको फोहोरको थुप्रोमा आगो बालेको विषयमा प्रेमबहादुरले कुटपिट गरेका थिए । कुटपिटबाट गम्भीर घाइते भएकी ललिताको प्रादेशिक अस्पताल जनकपुरमा उपचारका क्रममा मृत्यु भएको थियो। ती बालिकाको मृत्यु भएपछि धनुषा प्रहरीले तामाङलाई पक्राउ गरिएको जनाएको छ।

# सप्तरीका १४ पालिका दमकलविहीन



**टुडे समाचारदाता**

राजविराज । सप्तरी जिल्लाका १८ पालिकामध्ये चार पालिकामा मात्र दमकल छन्। जिल्ला प्रशासन कार्यालय सप्तरीका अनुसार जिल्लाका चार नगरपालिकामा मात्र दमकल सेवा सञ्चालनमा छ।

जिल्लाका राजविराज, कञ्चनरुप, हनुमाननगर कङ्कालिनी र शम्भुनाथ नगरपालिकामा मात्र दमकल सेवा उपलब्ध रहेको जिल्ला प्रशासन कार्यालय सप्तरीका सूचना अधिकारी सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्रकुमार यादवले जानकारी दिए । आगलागीका घटनामा ठूलो धनजनको क्षति हुँदै भए पनि दमकल खरिदमा जिल्लाका पालिकाले चासो दिन नसकेको उनको भनाइ छ।

सहरी क्षेत्रको आगलागी नियन्त्रणमा प्रयोग हुने सबैभन्दा उपयोगी साधन दमकल भए पनि यहाँका नौ वटै गाउँपालिकामा दमकल छैन भने बाँकी पाँच नगरपालिका पनि दमकलविहीन छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विवरणले पनि सहरी क्षेत्रका घरमा हुने आगलागीका ९५ प्रतिशत घटना दमकलको सहयोगमा नियन्त्रणमा आएको देखाउँछ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपद् व्यवस्थापनका लागि अत्यावश्यक उपकरण दमकल सञ्चालनको जिम्मा स्थानीय तहलाई नै दिएको छ । त्यसअन्तर्गत पनि दमकल तयारी अवस्थामा राख्ने महत्वपूर्ण जिम्मेवारी स्थानीय तहको हो । राष्ट्रिय विपद् व्यवस्थापन तथा प्राधिकरण ऐन, २०७४ ले पनि दमकललगायतका उपकरण तयारी हालतमा राख्ने जिम्मा स्थानीय तहलाई नै सुम्पिएको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार जिल्ला स्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यका लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा स्थानीय पालिकाको अध्यक्ष तथा प्रमुख, जिल्ला समन्वय समितिको प्रतिनिधि, जिल्लास्थित सुरक्षा निकायका प्रमुखसहितको जिल्ला विपद् व्यवस्थापन समिति रहने व्यवस्था छ।

पूर्व-पश्चिम लोकमार्ग तथा सदरमुकाममा दमकल केन्द्रित हुँदा जिल्लाकै हुलाकी मार्गमा भने दमकल सेवा नहुँदा आपतविपद् पर्दा टाढाटाढाबाट दमकल पुग्नुपर्ने अवस्था रहेको तिलाठी कोइलाडी गाउँपालिकाका सूचना अधिकारी तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रम अधिकृत राजेश झा बताउँछन्।

गाउँपालिका तथा विशेष गरी हुलाकी मार्ग र ग्रामीण भेकमा दमकल सेवा नहुँदा बढी नै जोखिम छ । जिल्ला विपद् व्यवस्थापन समितिमार्फत मधेश प्रदेश सरकारका मुख्यमन्त्रीले मधेश प्रदेश प्रहरी तालिम केन्द्र जनकपुरधाम राजविराजलाई १ वटा दमकल उपलब्ध गराएको छ । ग्रामीण क्षेत्रमा कुनै पनि गाउँपालिकामा दमकल सेवा नहुँदा जोखिम बढी रहेको स्थानीय बताउँछन्।

पालिकासँग दमकल खरिद गर्ने र व्यवस्थापन गर्नसक्ने क्षमता छैन, राज्यले दमकल खरिदमा अनुदानसमेत नदिएकोले यसतर्फ सम्बन्धित निकायको ध्यान पुग्नुपर्ने झाले बताए। अग्नि नियन्त्रणका लागि स्थानीय सरकार तथा सरोकारवाला निकायले पूर्ववत् सचेतता, योजना र तयारीमा यथेष्ट ध्यान नदिएको कारण वर्षैनी करोडौको जन धनको क्षति हुने गरेको स्थानीय बताउँछन्।

# चारजना किशोरकिशोरी पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपालबाट भारततर्फ किशोरीसहित चार जना भागिरहेको भन्दै सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

शुक्रबार जनकपुरधाम उपमहानगरपालिका-१ मा यात्रु चेकजाँच गर्ने क्रममा सोधपुछ गर्दा सिराहाको कर्जन्हा नगरपालिका- ४ बस्ने बन्दिपुरका १७ वर्षीया अनु कुमारी मुखिया, कर्जन्हा नगरपालिका- ३ स्थित टिकापुर बस्ने १५ वर्षीया सरस्वती दास, कर्जन्हा नगरपालिका- ६ स्थित ठहरा बस्ने १८ वर्षीय शिवशेखर मुखिया र कर्जना- ३ स्थित टिकापुर वस्ने वर्ष १९ को संजय कुमार दास नाम बताउने केटा गरि ४ जना भागेर नेपालबाट रेलमा चढेर भारतको जयनगर तर्फ जानेक्रममा नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल नेपाल रेल्वे सुरक्षा वेश जनकपुरधामले जनाएको छ।

> सशस्त्र प्रहरी बल र माइती नेपालको संयुक्त टोलीले उनीहरुलाई पक्राउ गरी नियन्त्रणमा लिइ जिल्ला प्रहरी कार्यालय धनुषामा बुझाएको जनाइएको छ ।


सशस्त्र प्रहरी बल र माइती नेपालको संयुक्त टोलीले उनीहरुलाई पक्राउ गरी नियन्त्रणमा लिइ जिल्ला प्रहरी कार्यालय धनुषामा बुझाएको जनाइएको छ।

# बोर्डिङमा भन्दा सामुदायिक विद्यालयमा आकर्षण

काठमाण्डु । वरिपरि बोर्डिङ स्कूल नभएका होइनन् । देशकै पहिलो बोर्डिङ स्कूल मानिने त्रिभुवन आदर्श माध्यमिक विद्यालय पनि नजिकै छ तर भाषा पाठशालाका रूपमा फर्पिङमा एक सय चार वर्षअघि स्थापना भएको फर्पिङ माध्यमिक विद्यालयमा विद्यार्थी भरिभराउ छन्।

विद्यार्थी नभएका अन्यत्रका सरकारी विद्यालयको तुलनामा यहाँ ठीक उल्टो छ । शिक्षाको महत्व बुझेका र हुनेखाने वर्गका अभिभावकले समेत आफ्ना छोराछोरी यही विद्यालयमा पढाएका छन्। प्रायः सबै शिक्षक र व्यवस्थापन समितिका पदाधिकारीकाहरुको बालबालिका यही विद्यालयमा पढछन्। विद्यालयले गुणस्तरीय शिक्षाका लागि दश वर्षदेखि गरेको निरन्तर मेहेनतको प्रतिफल हो यो। यही मेहतनले विसं २०७५ यता विद्यालयले राम्रो नतिजा ल्याएको छ । पठनपाठन नियमित गर्ने नभई कमजोर विद्यार्थीका लागि वर्षैभरि अतिरिक्त कक्षा चलाइएको छ। साना कक्षाहरुमा दुईजना शिक्षक खटाएर विशेष कक्षा सञ्चालन गरिएको छ।

त्यतिमात्र नभई अधिकांश सामुदायिक विद्यालयमा देखिने सरसफाइ र अव्यवस्थाको समस्या यस विद्यालयमा छैन। अभिभावकको चाहनाअनुरुप क्रमशः अङ्ग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गरिएको विद्यालयले जनाएको छ । विद्यालयले शैक्षिक गुणस्तर



वृद्धि गरेपछि स्थानीयले बिस्तारै आफ्ना छोराछोरी पढाउन मात्र थालेनन्, भौतिक संरचनाको विकासमा समेत सहयोग गर्न थाले। स्थानीय समुदायकै सहयोगमा विद्यालयले जग्गा किन्यो र त्यसलाई घेराबारा लगाइयो।

प्रधानाध्यापक कृष्णकुमार श्रेष्ठका अनुसार एउटा कक्षामा सरदर ३५ जना राखेर पठनपाठन गराइन्छ । सबै कक्षामा विद्यार्थी भरिएका छन् । कक्षा ९ र १० मा एक-एकवटा 'सेक्सन' थप्नुपरेको छ । "एक शैक्षिकसत्रमा जम्मा ७५ जना नयाँ भर्ना लिन सकिने अवस्था थियो तर आवेदन दुई सय ५० जनाको पर्‍यो । कक्षा कोठामा धेरै हुने भएकाले एक सयजना विद्यार्थीलाई भर्ना लिइयो, बाँकीलाई भर्ना गर्न सकिएन", प्रधानाध्यापक श्रेष्ठले भन्नुभयो।

भर्ना हुन चाहने सबै विद्यार्थीलाई विद्यालयमा कक्षा कोठा पुग्दैन । अहिलेको चारवटा भवनमा ३२ वटा कक्षाकोठा छन् जसमध्ये २५ वटा कोठामा कक्षा सञ्चालन गरिएको छ। नयाँ भवन बनाउने साधन स्रोत तत्काल जुटेको छैन। विद्यालयले खरिद गरेको एक रोपनी पाँच आना क्षेत्रफलमा संरचना बनिसकेको छ । त्यसबाहेकका थप जमिन विद्यालयसँग छैन । विद्यालयसँगै जोडिएको १५ रोपनी पर्ती जमिनलाई खेलमैदानका रुपमा प्रयोग गरिएको छ तर त्यहाँ विद्यालयले स्थायी संरचना बनाउन पाउँदैन।

विद्यालयको समस्याबारे दक्षिणकाली नगरपालिका जानकार छ । त्यसप्रति नगरपालिका सकारात्मक रहेको र स्रोत साधन छिट्टै उपलब्ध हुने अपेक्षा गरिएको प्रधानाध्यापक श्रेष्ठले बताउनुभयो।रासस

# सिँचाइ आयोजना पुन : सञ्चालनमा

**टुडे समाचारदाता**

जनकपुरधाम । ट्रान्सफर्मर चोरीपछि अवरुद्ध धनुषाको बटेश्वर गाउँपालिका-३, मा रहेको सिँचाइ आयोजना सञ्चालनमा आएको छ। विद्युत् प्राधिकरण सखुवा महेन्द्रनगर शाखाले नयाँ ट्रान्सफर्मर जडान गरिदिएपछि सो सिँचाइ आयोजना आठ महिनापछि सञ्चालनमा आएको छ।

सिँचाइ आयोजनामा जडान गरिएको ५० केभिएको ट्रान्सफर्मर २०८० भदौ ५ गते राति चोरी भएको थियो। ट्रान्सफर्मर चोरीपछि स्थानीय किसान सिँचाइ सुविधाबाट वञ्चित भएका थिए। महारानी डिप ट्यूबवेल जल उपभोक्ता समूहमार्फत सञ्चालित सो सिँचाइ आयोजनाबाट एक सयभन्दा बढी विघा जमिन सिँचाइ हुँदै आएको थियो।

किसानको खेतबारीमा सहज सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले धनुषाको नकटाझिजमा रहेको कृषि विकास आयोजनाले २०७४ सालमा सो सिँचाइ आयोजना निर्माण गरिदिएको थियो। सिँचाइका लागि तीन किलोमिटरमा भूमिगत पाइपलाइन विस्तार तथा ठाउँठाउँमा चेम्बर निर्माण गरिएको छ।

स्थानीयले बटेश्वरका समाजसेवी राजकिशोर महतोको अथक प्रयासबाट सिँचाइ आयोजना नयाँ ट्रान्सफर्मर जडान सम्भव भएको बताए। ट्रान्सफर्मर चोरीपछि नयाँ ट्रान्सफर व्यवस्थापन गरिदिनका लागि वडाध्यक्ष र पालिका प्रमुखलाई पटकपटक भने पनि उहाँहरुले कुनै चासो नदेखाएपछि महतोले विभिन्न ठाउँमा भनसुन गरी जडान गर्न लगाएको स्थानीयको भनाइ छ।

एक तथ्याङ्क अनुसार धनुषा र महतोरी जिल्लामा गरी एक वर्षको अवधिमा आठ वटा सिँचाइ आयोजनाको ट्रान्सफर्मर चोरी भएको छ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त। |
| बृष | : वाद विवादबाट बच्नु। |
| मिथून | : पुरस्कार प्राप्त लाभ। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : बौद्धिक क्षमता। |
| कन्या | : प्रतिभा सम्पन्नता। |
| तुला | : शिक्षामा उन्नति। |
| वृश्चिक | : पारिवाहिक सुख। |
| धनु | : धन वृद्धि सञ्चय। |
| मकर | : प्रेम प्रसंग, मित्र सुख। |
| कुम्भ | : सुख समृद्धि हुने। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जानकी नवमी उत्सवको अवसरमा शुक्रबार जनकपुरधामको दुधमती नदीमा शाही स्नान गर्दै भक्तजन । तस्विर :रासस

# न्यायपालिकालाई भरोसायोग्य बनाउन सबैको सहयोग जरुरी: प्रधानन्यायाधीश



काठमाण्डु । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायापालिकालाई भरोसायोग्य बनाउनका लागि सबैको प्रयास जरुरी भएको बताउनभएको छ ।

नेपाल बार एसोसिएसनको शुक्रबारदेखि सुरु १६औँ अखिल नेपाल कानुन व्यवसायी राष्ट्रिय सम्मेलनको उद्धाटनमा प्रधानन्यायाधीश श्रेष्ठले न्यायालयप्रतिको जनआस्था वृद्धि गर्न छिटो र गुणस्तरीय न्याय भएको बताउनुभयो ।“आम नागरिकको न्यायालयप्रति विश्वस्त हुन सक्ने वातावरण बनाउन जरुरी छ, आशङ्काहरुको निवारण गरी भरोसायोग्य न्याय हुनुपर्छ”, प्रधानन्यायाधीश श्रेष्ठले भन्नुभयो, “सबैको पहुँचमा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायापालिकाका लागि सबैको सहयोग आवश्यक छ ।”

प्रधानन्यायाधीश श्रेष्ठले विशेषगरी आम नागरिकहरू विश्वस्त हुनसक्ने वातावरण निर्माण गर्ने ठोस र नतिजामूलक कार्यसम्पादन अहिलेको प्रमुख आवश्यकता भएको बताउनुभयो । “अदालत र बार एसोसिएसन तथा न्यायाधीश र कानुन व्यवसायीहरूको भूमिका केही फरक रहे पनि सबैको लक्ष्य वा गन्तव्य न्यायको सुनिश्चितता र न्यायपूर्ण समाजको प्रत्याभूति नै हो”, प्रधानन्यायाधीश श्रेष्ठले भन्नुभयो, “आपसी सहकार्यलाई अझ सुदृढ बनाउन जरुरी छ ।”

उहाँले आगामी साउनदेखि लागू हुने गरी पाँचौँ पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा भइरहेको र त्यसमा सुझाव दिन पनि नेपाल बारलगायत सम्बद्ध सबैमा आग्रह गर्नुभयो । प्रधानन्यायाधीश श्रेष्ठले स्वतन्त्र न्यायपालिकाको मान्यतालाई अक्षुण्ण राख्दै संविधानले परिकल्पना गरेको न्यायपालिकाको भूमिकालाई सशक्त बनाउन नेपाल बारले खेलेको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो ।

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले स्वतन्त्र न्यायापालिकाबिना कानुनी शासन सुदृढ नहुने उल्लेख गर्दै संविधानले प्रत्याभूत गरेका अधिकार अहिले पनि निर्बाधरुपमा उपभोग गर्न नपाएको सुनाउनुभयो । बारले अहिले पनि न्यायपालिकाको सुधारका लागि आन्दोलन गरिरहेको र धेरै प्रश्नहरुको निरुपण र समीक्षा गर्नका लागि सम्मेलनको आयोजना गरेको उहाँको भनाइ थियो ।

न्यायापालिकाको पुनःसंरचना गर्नका लागि बारले नौ सदस्यीय उच्चस्तरीय समिति गठन गरेको छ। कानुन व्यवसायीको हकहितका लागि २०१३ सालमा नेपाल बार एसोसिएसनको स्थापना भएको थियो । विसं २०३४ देखि बारले सम्मेलन गर्न सुरु गरेको थियो ।

यही जेठ ४ देखि ६ गतेसम्म चल्ने सम्मेलनमा देशभरबाट करिब सात हजार कानुन व्यवसायीको उपस्थित छ । ‘सक्षम कानुन व्यवसायी, मर्यादित बारः न्यायापालिकाको पुनःसंरचना लोकतन्त्र सुदृढीकरणको आधार’ भन्ने नाराका साथ नेपाल प्रज्ञा-प्रतिष्ठान काठमाडौँमा आजदेखि सुरु भएको तीनदिने सम्मेलनको राष्ट्रपति पौडेलले उद्धाटन गर्नुभएको हो ।रासस

# इप्पानद्वारा नीति अनुसन्धान र भवन निर्माण कोष स्थापना



काठमाण्डु । स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान)ले नीति अनुसन्धान र जग्गा खरिद तथा भवन निर्माण कोष स्थापना गरेको छ। खोज र अनुसन्धानमूलक कार्यद्वारा इप्पानलाई ‘थिङ्क ट्याङ्क’को रूपमा विकास गर्न तथा आफ्नै भवनबाट सस्थाका गतिविधि सञ्चालन गर्ने उद्देश्यसहित कोष स्थापना गरिएको हो ।

शुक्रबार काठमाडौँमा भएको इप्पानको २२औँ साधारणसभाबाट दुवै कोष स्थापनाको निर्णय पारित भएसँगै औपचारिक रूपमा दुवै कोष स्थापना भएको इप्पानका कोषाध्यक्ष नरेन्द्र बल्लभ पन्तले जानकारी दिनुभयो । “दूरगामी रूपमा प्रभाव पार्ने खालका दुईवटा कोषहरूको दूरदृष्टि, उद्देश्य र प्रस्तावित कार्ययोजनासहित कोष स्थापना गरिएको छ, यसले सदस्यहरूलाई सङ्गठित गर्ने, नीतिगत र कार्यक्रमगत लबिङ गर्ने तथा विभिन्न खोज, अनुसन्धान गर्ने कामहरू अघि बढ्नेछन्”, उहाँले भन्नुभयो ।

उहाँका अनुसार इप्पान सम्पूर्ण ऊर्जा क्षेत्रको नेतृत्वदायी सङ्गठन भएकाले सम्बन्धित क्षेत्रमा अध्ययन गरी आवश्यक तथ्याङ्क, जानकरी, राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र विश्लेषणहरू संस्थागत रूपमा सङ्कलन गर्ने उद्देश्यले यो कोष स्थापना गरिएको हो ।रु तीन करोड सङ्कलन गर्ने लक्ष्यसहित स्थापना गरिएको कोषको छुट्टै कार्यविधि बनाई अघि बढ्ने लक्ष्य इप्पानको छ । ऊर्जा प्रवर्द्धक कम्पनी, विभिन्न राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय संस्था र निकायहरूबाट रकम सङ्कलन गर्ने लक्ष्य राखिएको कोषको रकमबाट ऊर्जासँग सम्बन्धित विभिन्न अध्ययन, अनुसन्धान र प्राज्ञिक कार्य गर्ने लक्ष्य लिइएको छ ।

इप्पानले ऊर्जा क्षेत्रले, सामाजिक, कुल ग्राहस्थ उत्पादन (जिडीपी), बैंक तथा वित्तीय संस्थाले ऊर्जामा गरेको लगानीको अवस्था, ऊर्जाले रोजगारी सिर्जनामा पुर्याएको योगदान, ऊर्जा आयोजनामा सर्वसाधारणको सेयर लगानीको अवस्था, निर्माण सम्पन्न र निर्माणाधीन आयोजनाहरूमा देखिएका समस्याहरूको पहिचानसहित ऊर्जासँग सम्बन्धित तथ्य, तथ्याङ्क र सामग्री प्रकाशनलगायतका कार्य गर्ने लक्ष्य राखेको छ ।

कार्यक्रममा सम्मानित पूर्वऊर्जासचिव सुमन शर्माले आफूले ऊर्जा ज्योति सम्मानवापत पाएको रु एक लाखमा थप एक लाखसहित रु दुई लाख दिने घोषणा गर्नुभएको छ । यसैगरी यस कोषमा इप्पान सदस्य टीएन आचार्यले ‘भिजन इनर्जी’को तर्फबाट रु एक लाख प्रदान गर्ने घोषणा गर्नुभएको छ । उहाँले भवन निर्माण कोषमा पनि रु एक लाख दिने घोषणा गर्नुभयो ।

यसैगरी पाँच वर्षभित्र आफ्नै जग्गा खरिद गरेर भवन निर्माण गर्ने लक्ष्यसहित स्थापना गरिएको जग्गा तथा भवन निर्माण कोषका लागि छुट्टै कार्यविधि र भवन निर्माण समिति गठन गरिने कोषाध्यक्ष पन्तले जानकारी दिनुभयो ।“संस्स्थाको सदस्य संख्या ऊर्जा क्षेत्रमा भएको महत्त्वपूर्ण लगानी, सरकारले यसलाई दिएको प्राथमिकता र दीर्घकालीन रणनीतिक वस्तु भएको सन्दर्भमा यसको नेतृत्वदायी संस्था इप्पानको आफ्नै भवन बनाउनु आवश्यकता रहेकाले कोष स्थापना गरेका हौँ”, उहाँले भन्नुभयो ।

भवन निर्माणका लागि यसअघि इप्पान पूर्वअध्यक्ष डा सुवर्णदास श्रेष्ठले रु दुई लाख तथा अन्य विभिन्न स्रोतबाट जम्मा नभएको रु ३४ लाखसमेत यसै कोषमा राखिने इप्पानले जनाएको छ । भवन निर्माणका लागि शुक्रबारको वार्षिक साधारणसभामा इप्पान सदस्य कुवेरमणि नेपालले आफ्नो जलविद्युत् कम्पनीबाट रु दुई लाख, नवीन सिलवालले ठूलो खोला र टक्सार जलविद्युत् कम्पनीबाट रु दुई लाख र इप्पान सदस्य टीएन आचार्यले भिजन इनर्जीको तर्फबाट रु एक लाख भवन निर्माणका लागि सहयोगको घोषणा गरिसक्नुभएको छ ।

इप्पान अध्यक्ष गणेश कार्कीले कार्यविधि बनाएपछि इप्पान पदाधिकारी र कार्यसमितिबाट दुवै कोषमा सहायता सङ्कलन गर्नुका साथै सबै ऊर्जा प्रवर्द्धक कम्पनीहरूबाट सहायता लिएर अध्ययन, अनुसन्धान तथा भवन निर्माणको कार्य अघि बढाउने बताउनुभयो ।रासस

# ‘खुसी हुन चुरेकाछवासीबाट सिक्नू’



महोत्तरी । महोत्तरीको सुदूरउत्तरी चुरेकाछबस्तीमा पुग्नुभएको छ ? छभने सम्झनुस् त त्यहाँको जनजीवन ! नदी किनार, कान्लाकान्लीको बास । न बाटो, न पुलपुलेसा । बर्खाभरि यहाँका बासिन्दा खोल्सा वारिपारिका छिमेकीलाई पनि भेट्न पाउँदैनन् । न हाटबजार, न त अस्पताल । मिठोमसिनो खाना, राम्रो नाना, ओतलाग्ने सुरक्षित छाना, असञ्चो भइहालेमा स्वस्थोपचार गर्ने संस्था, अहँ ! ती पनि छैनन् ।

अहिले पनि यहाँस्थित चुरेकाछवासीले भात, मनमाफिकको दाल, तरकारी र मिठोमसिनो खान चाडपर्व कुर्नुपर्छ । स्वास्थोपचारका लागि शिविर आउनुपर्छ । स्वच्छ पानीका लागि सरकार र सङ्घसंस्थाले विशेष अभियान नै सञ्चालन गर्नुपर्छ। तल मधेसका फाँटमा चुरे दोहनप्रति चिन्ता जाहेर गर्दै मधेस मरुभूमिकरण बन्न लाग्यो भनेर धेरैले धारेहात लाउँछन् । त्यो आवाजले उठिबास पो लाउने हो कि भन्ने पीर पर्दोरहेछ यहाँ ।

अभाव छ । त्रास छ । भौगोलिक, आर्थिक, सामाजिक समस्या छन् । अरु नेपाली सरह रहरलाग्दो जीवन बाँच्ने चाहना छ । तथापि स्थानीयले कहिल्यै आफ्ना समस्या तेर्स्याएर राज्यलाई समस्यामा पार्दैनन् । न त कुनै मागदाबी गर्छन् । अनकण्टारको बास, भौगोलिकरूपमा दुर्गम तर पनि निस्फिक्री बाँचिरहेका छन् चुरेकाछवासी । अभावमा पनि रमाउन सक्नु यहाँको विशेषता हो । स्थानीयले सरकार र सरोकारवालाले देखाउने सामान्य सहानुभूतिमा पनि यी तमाम समस्या क्षणभरमै भुलिदिन्छन् ।

एकसाता अघि नेपाल रेडक्रस सोसाइटी बर्दिवास उपशाखा र बर्दिवास जनसेवा अस्पतालले बस्तीमा सञ्चालन गरेको स्वास्थ्य शिविरमा सहभागी स्थानीय भन्दै थिए, “बेलाबेला हुने यस्ता कार्यक्रम, स्वास्थ्य जाँच र उपचार सेवाले अकालमै मरिदैन होला भन्ने विश्वास जाग्छ ।”लामो समयपछि आफ्नै बस्तीमा स्वास्थ्य जाँच र उपचार सेवा पाएपछि हामीलाई सम्झने पनि छन् भन्दै दङ्ग हुनुहुन्थ्यो स्थानीय कवीरमान बम्जन । उहाँले भन्नुभयो, “गरिबी, अशिक्षा, कुपोषण र अभावको जाँतोमा पिसिँदा भोगेका पीडा यस्ता सहानुभूति र सहयोगले बिर्साउँदा रहेछन् ।”

कहिल्यै विकासे योजना नपुगेका काछबस्तीमा यसअघि बर्दिवास नगरपालिका र रोटरी क्लब बर्दिवासले खानेपानीको सञ्चय गरेर धारा उपलब्ध गराएको गुन पनि काछवासीले बिर्सेका छैनन् । “हामी त बर्खा लागेपछि बाढीकै धमिलो पानी खाएर गुजारा गर्दै थियौँ, परार खानेपानीको धारा जोडिदिनुभयो । त्यसले निकै राहत भएको छ”, दुई वर्षअघिको गुन सम्झँदै बर्दिवास-११ का बम्जनले भन्नुभयो ।

बर्दिबास नगरपालिकाका वडा नं १० र ११ मा पर्ने यस क्षेत्रमा १० भन्दा बढी बस्ती छन् । यी बस्तीमा हाल तीन सयभन्दा बढी परिवार लाभान्वित हुनेगरी त्यसताका धारा जडान गरिएका थिए । बस्तीबीचमा एउटा विद्यालय छ । सो विद्यालयमा यही शैक्षिकसत्रबाट कक्षा ९ सम्मको पढाइ हुन थालेको छ । यहाँ विद्यालय र खानेपानीको धाराबाहेक अन्य विकास पूर्वाधार छैनन् । अब भने बस्ती विकासका लागि सरोकारवाला र स्थानीय सरकारको ध्यान पुग्ने आशा जागेको बम्जनले सुनाउनुभयो ।

यसपटक दुई वर्षपछि स्थानीय झ्याउरे बस्तीमा चिकित्सक र अन्य सरोकारवालाको उपस्थिति हुँदा सरकार घरआँगनमा आएको भन्दै प्रफुल्ल हुनुहुन्थ्यो बर्दिवास-१० स्कुलडाँडाका ७० वर्षीय सलामसिंह थिङ। “धेरै दिन भयो आँखा नदेखेर संसार अँध्यारो भएको, डाक्टरसापले उपचारपछि चश्मासमेत दिएपछि अहिले देख्ने भएको छु”, थिङ् भन्नुहुन्छ, “हामीलाई आँखा देखाइदिनेको जय होस् ।”

यसैगरी बर्दिवास-११ भाङ्चे बस्तीकी ७५ वर्षीया कुमारी गोले पनि चश्मा लाएर आँखा देख्ने भएपछि निकै खुसी हुनुहुन्छ। “आँखाको उपचार गरे, चश्मा दिएपछि त छ्याङ्ङै देख्ने भएँ”, गोलेले भन्नुभयो, “गानोगोलाले पनि हैरान थिएँ, त्यसको दबाई (औषधि) दिएका छन् । सञ्चो होला भन्ने आशा छ ।”यसैगरी बर्दिवास-११ पूर्वीखोलाका पूर्णबहादुर बम्जन पनि बस्तीमै आएर स्वास्थ्योपचार गरिदिएपछि प्रफुल्ल हुनुहुन्छ। “खै, तीनवटा सरकार छन् भन्छन् । हामी खोलाखाँकरमा बस्नेलाई सधैं सम्झने फुर्सद हुँदैन। यसपटक भने हाम्रा नाडी छाम्न आउनुभयो, यसरी आइदिँदा आडभरोस लाग्छ”, ७५ वर्षीय बम्जनले खुसी हुँदै भन्नुभयो।

बर्दिवास-१० स्कुलडाँडाकी डोल्मामाया मोक्तानले उमेरले ७० कटेपछि घरआँगनमै स्वास्थ्य जाँच र सञ्चोबिसञ्चो सोधेपछि आधा रोग निको भएको अनुभूति सुनाउनुभयो । “डाक्टरले घरमै आएर सबै हालचाल सोधे, जाँच गरे, दबाई पनि दिए, अब रोगब्याधी निको होला भन्ने आशा जागेको छ”, मोक्तान भन्नुहुन्छ, “बेलाबेला यसैगरी हालचाल सोध्न आइदिए त अझै केही वर्ष बाँचिन्थ्यो कि !”बर्दिवास चोकबाट करिब ३० किलोमिटर दूरीमा पर्ने चुरेकाछका पिपलेखर्क, माझखोला, तीनपिपले, तीनतले, झ्याउरे, भाङ्चे, गर्तीदोभान, सातदिने, भालुझोरा र पूर्वीखोलासहितका दशभन्दा बढी बस्तीलाई केन्द्रित गरी रेडक्रस बर्दिबास उपशाखाले सञ्चालन गरेको शिविरमा छ सय ५० जनाले स्वास्थ्य जाँच र उपचार सेवा लिएका थिए ।

यी बस्ती खयरमारा बजार कटेर खयरमारा खोला हुँदै सात किलोमिटर छिचोलेपछि सुरु हुन्छन्। यहाँ यातायात, स्वास्थ्य सेवा र अन्य अवसर पुगेका छैनन्। यहाँको बाटो नै खयरमारा खोलाको बगर हो। कात्तिकदेखि जेठसम्म खोलाको बगर हुँदै आउजाउ गर्न सकिए पनि बर्खा लागेपछि यहाँ सम्पर्क सञ्जाल टुट्छ। सिन्धुलीको मरिनसँग जाडिएका यी बस्तीमा राज्यको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता रहेको बताउनुहुन्छ रेडक्रस महोत्तरी शाखाका सदस्य मुकुन्दप्रसाद पौडेल।

> चुरेकाछका बर्दिबास-१०, ११ मा १० भन्दा बढी बस्ती छन् । यी बस्तीमा ९५ प्रतिशत तामाङ जातिको बसोबास छ । अन्यमा केही कामी, दमाई र सार्कीसहित दलित समुदाय छन् । बर्दिबास-१० का वडाध्यक्ष प्रमोदकुमार मोक्तानका अनुसार यहाँ करिब तीन सय परिवारको बसोबास गरिरहेका छन् ।

गरिबी, सामाजिक दुरावस्था, शिक्षा र चेतनाको कमी तथा कुपोषणका कारण धेरैजनामा स्वास्थ्य समस्या देखिएका शिविर टोलीका चिकित्सकको निष्कर्ष रहेको नेत्रविशेषज्ञ डा दिना ठाकुरले जानकारी दिनुभयो । उहाँका अनुसार शिविरमा आँखा, दाँत र पाठेघर जाँच गरिएको थियो । त्यसक्रममा दुई सय ७० जनाको आँखा जाँच र उपचार, दुई सय ६५ जनाको दाँत र गिँजा तथा एक सय १५ जनाको पाठेघर जाँच र उपचार गरिएको रेडक्रस बर्दिवास उपशाखाका सभापति रेवन्त कार्कीले जानकारी दिनुभयो। उहाँले रोगको अवस्थाअनुसार उपचार, थप परामर्श, आवश्यकतानुसार अन्य अस्पतालमा रेफर गरिएको बताउनुभयो ।

शिविरमा स्वास्थ्य जाँच र उपचार सेवा लिनेमा चार सयभन्दा बढी महिलासमेत सहभागिता रहेको थियो। बर्दिवास नगरप्रमुख प्रल्हदकुमार क्षेत्री राजनीतिक विभाजनमा बर्दिवास नगरपालिकामा गाभिए पनि सो क्षेत्रलाई नगर भन्न लायक बनाउन सबैको सहयोग आवश्यक रहेको बताउनुहुन्छ । उहाँ सबैको सहयोगमा योजनाबद्ध रूपमा विकासका काम अगाडि बढाएमा मात्रै सो क्षेत्रका जनताले सुविधा पाउने उहाँको बुझाइ छ। “यी बस्तीमा स्वच्छ खानेपानी, आधारभूत शिक्षा र स्वास्थ्य सेवाको पहुँच पुर्याउन लागिरहेका छौँ । पहिलेका भन्दा राज्यको पहुँच बढ्दै छ”, नगरप्रमुख क्षेटीले भन्नुभयो, “अब काछवासीले सरकार पुगेको अनुभूति लिनेगरी कामलाई अगाडि बढाउँछौँ ।” उहाँले चुरेकाछका बस्तीमा गत वर्ष नै रोटरी क्लब अफ बर्दिवासको सहकार्यमा स्वच्छ खानेपानीको प्रबन्ध गरिएको र झ्याउरेमा माध्यमिक तहको पठनपाठन सुरु भएको जानकारी दिनुभयो ।

चुरेकाछका बर्दिबास-१०, ११ मा १० भन्दा बढी बस्ती छन्। यी बस्तीमा ९५ प्रतिशत तामाङ जातिको बसोबास छ। अन्यमा केही कामी, दमाई र सार्कीसहित दलित समुदाय छन्। बर्दिबास-१० का वडाध्यक्ष प्रमोदकुमार मोक्तानका अनुसार यहाँ करिब तीन सय परिवारको बसोबास गरिरहेका छन्।

अरु समस्या त छँदैछन् राम्रो बाटोघाटो नहुनु यी बस्तीको मुख्य समस्या हो । त्यसकारण हरेक वर्षायाममा अधिकांश समय बाह्य सम्पर्कबाट बञ्चित हुनु यहाँको विवशता हो। बर्दिबास-११ का वडाध्यक्ष पूर्ण बल यो अवस्था अन्त्यका लागि भरपर्दो बाटो निर्माणमा तीनै तहका सरकारले एकीकृत योजना बनाएर कार्यान्वयन गर्नुपर्ने बताउनुहुन्छ । “सानो रकमले हुने काम हामी स्थानीय तहबाटै गरिरहेका छौँ तर सडकबाटो निर्माणका लागि स्थानीय, प्रदेश र केन्द्र गरी तीनै तहका सरकार मिल्नुको विकल्प छैन। नगर भन्ने तर सोअनुसार स्तरोन्नति र सेवासुविधा विस्तारको काम नगर्ने हो भने त्यसले हामी सबैलाई गिँज्याइरहने छ”, उहाँले भन्नुभयो ।रासस

# सुन आफै राख्ने उदेश्यले लुटिएको नाटक गर्ने पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु । अवैधरुपमा ल्याइएको सुन सम्बन्धित व्यक्तिलाई नदिई आफैँले राख्ने उद्देश्यले लुटिएको नाटक गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

इलाम घर भई बिर्तामोड झापा बस्ने सूर्यबहादुर समाल मगर पक्राउ परेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीका अनुसार उनी विदेशबाट आएको दोस्रो दिन जेठ २ गते आफू लुटिएको भनी घाउचोटसहित ललितपुरको गोदावरीस्थित सडकको नालीमा बसेको अवस्थामा भेटिएका थिए ।

उद्धारका लागि गएको प्रहरी टोलीले अनुसन्धान गर्ने क्रममा नाटक गरेको पत्ता लागेपछि प्रहरी नै छक्क परेको थियो। अनुसन्धान टोलीले उनीसँग सोधपुछ गर्दा जेठ १ गते बिहान कतारबाट फर्किएको र राजस्व छली गरी ल्याइएको सुन सोही दिन झापाको बिर्तामोडस्थित घरमा पुर्याएको बयान दिएका छन्।

त्यसपछि सुन आफ्नो बनाउने योजना बुनेर उनी जेठ २ गते जहाजमार्फत काठमाडौँ आई ललितपुरको गोदावरीस्थित सडक किनारको नालीमा बसेका थिए । अपरिचित व्यक्ति घाइते अवस्थामा लडिरहेको भन्ने सूचना आएपछि कार्यालयबाट खटिएको प्रहरी टोलीले उक्त स्थानबाट उनलाई उद्धार गरी नमस्ते मेट्रो अस्पतालमा प्राथमिक उपचार गरेको थियो ।

सोही दिन प्रहरीमा ल्याएर अनुसन्धान गर्दा आफूले आफैँलाई शरीरमा चोटपटक लगाई हातखुट्टा बाँधेर गोदावरीस्थित सडक किनारको नालीमा बसेको भेटिएको रेग्मीले बताए ।

# सत्ता समीकरण परिवर्तनपछि काँग्रेसमा छटपटाहट देखियो: महासचिव पोखरेल



राँझा । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले सत्ता समीकरण परिवर्तन भएपछि नेपाली कांग्रेसमा छटपटाहट देखिएको बताउनुभएको छ।

नेकपा (एमाले) बाँकेको नवौँ जिल्ला अधिवेशनलाई शुक्रबार नेपालगञ्जमा सम्बोधन गर्दै महासचिव पोखरेलले सरकारलाई तीन महिना पनि काम गर्न नदिएर सत्ताका लागि छटपटाहट देखाएको बताउनुभयो।

उहाँ भन्नुभयो, “एमाले सरकार र सत्ता नभएपछि छटपटाउने पार्टी होइन तर कांग्रेस सत्ताबिना बस्न सक्दैन। कम्तीमा तीन महिनाको समय काम गर्न दिनुपर्थ्यो तर संसद्‌अवरुद्ध गरेर कांग्रेसले सत्ताका लागि छटपटाहट देखायो।”

उहाँले एमाले आलोपालो सरकारभन्दा पनि राजनीतिक स्थायित्वको पक्षमा रहेको बताउनुभयो । अबको राजनीतिको दिशा के हो भन्ने कुरा उपनिर्वाचनले देखाएको र जनताले रोजेको पार्टी एमाले हो भन्ने कुरा पुष्टि भएको पनि महासचिव पोखरेलको भनाइ थियो।

“विसं २०७९ को चुनावमा हामीले चाहेजस्तो जनादेश पाएनौँ तर दुईतिहाइ ल्याउने भन्दै गठबन्धन गरेका दलले पनि बहुमत ल्याउन सकेनन”, महासचिव पोखरेलले भन्नुभयो, “जनताले रोजेको पहिलो पार्टी एमाले भए पनि सरकार चलाउने जनादेश हामीलाई प्राप्त हुन सकेन ।” अब एमालेले सरकारको कुर्सी र भागबण्डामा भन्दा २०८४ को चुनावमा ध्यान केन्द्रित गरेकाले एक्लै बहुमत आउने गरी तयारीमा लाग्न नजेता कार्यकर्तालाई उहाँले आग्रह गर्नुभयो।

जिल्ला अध्यक्ष किस्मतकुमार कक्षपतिको अध्यक्षतामा भएको अधिवेशन उद्घाटन समारोहमा एमाले सचिव एवम् लुम्बिनी प्रदेश इन्चार्ज पद्मा अर्याल, पोलिटब्यूरो सदस्य सुजिता शाक्य, बाँके इन्चार्ज खेममान खड्कालगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।रासस

# विधिसम्मत न्यायिक प्रणालीबाट मात्रै देशमा सुशासन र अमनचयन कायम गर्नुपर्छ : राष्ट्रपति

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले विधिसम्मत न्यायिक प्रणालीबाट मात्रै देशमा सुशासन र अमनचयन कायम हुने बताउनुभएको छ। ‘सक्षम कानुन व्यवसायी, मर्यादित बार : न्यायपालिकाको पुनःसंरचना लोकतन्त्र सुदृढीकरणको आधार’ नाराका साथ नेपाल बार एशोसिएसनले शुक्रबार सुरु भएको १६औँ अखिल नेपाल कानुन व्यवसायी राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै उहाँले देशमा सुशासन कायम हुनुपर्नेमा जोड दिनुभयो।

“लोकतान्त्रिक शासन प्रणालीमा विधि नै सबै किसिमको अराजकता तथा अन्याय निवारणको उपाय र उपचार हो”, राष्ट्रपति पौडेलले भन्नुभयो, “विधिसम्मत न्यायिक प्रणालीबाट मात्रै देशमा सुशासन र अमनचयन कायम हुने हो भन्ने कुरा पनि हामीले विर्सन हुन्न ।”राष्ट्रपति पौडेलले न्याय महसुस हुनुपर्ने उल्लेख गर्दै भन्नुभयो, “न्याय, न्याय भनेर मात्र पनि पुग्दैन, यो देखिनु, सुनिनु, बुझिनु र महसुस गरिनु पनि पर्दछ।”

संवैधानिक व्यवस्थाले विधिको शासन, लोकतन्त्र, मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, शक्ति पृथकीकरण, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्य तथा मौलिक अधिकारप्रति विशेष चनाखो र सचेत हुन निर्देश गर्ने उल्लेख गर्दै उहाँले यसको सच्चा पहरेदार नेपाल बार एशोसियसनसँग आबद्ध विद्धान कानुन व्यवसायी रहेको बताउनुभयो । न्याय आफै हुने वा प्रकट भइहाल्ने कुनै चिज वा वस्तु नभई यो गरिने विषय भएको भन्दै राष्ट्रपति पौडेलले यसको स्वच्छतामा न्यायाधीश र कानुन व्यवसायीको आ-आफ्नै भूमिका हुनेहुँदा बार र बेञ्चबीचमा बेलाबेलामा छलफल तथा अन्तर्क्रिया हुनेगरेमा सही प्रतिफल प्राप्त हुन सक्ने विश्वास व्यक्त गर्नुभयो।



“न्यायपालिकाप्रतिको जनआस्था र विश्वास नै यसको जीवन हो”, राष्ट्रपति पौडेलले भन्नुभयो । विभिन्न अभाव र समस्या रहे पनि त्यसको समाधान गर्दै न्यायपालिकालाई आधुनिक र प्रविधिमैत्री बनाई कसरी चुस्त बनाउने भन्ने कुरालाई बारले पनि आत्मसात् गर्नुपर्ने उहाँको भनाइ थियो। राष्ट्रपति पौडेलले भन्नुभयो, “न्याय दिने दिलाउने पुनित कार्य न्यायका सिद्धान्त र परिभाषामा खोज्नुभन्दा कर्ताको कर्म मै प्रतिविम्बित हुनुपर्दछ भन्ने मान्यता बनाउनु पर्दछ।”

स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, विधिको शासन, लोकतन्त्र तथा मानवअधिकारको क्षेत्रमा सदैव क्रियाशील बार एशोसियसनले न्याय कानुनका विषयमा गर्ने महत्वपूर्ण र उद्देश्यमूलक छलफलबाट निस्कने मुलुकमा न्यायपूर्ण एव सुशासनयुक्त अवस्था सिर्जना गर्न मद्दत पुग्ने राष्ट्रपति पौडेलले विश्वास व्यक्त गर्नुभयो । न्यायपूर्ण जीवनशैली बोकेका र अध्ययन अनुसन्धानमा समर्पित कानुन व्यवसायी न्यायपालिकाको सहयोगीमात्र हैन त्यसको सारथी पनि हुनसक्ने उहाँको भनाइ थियो। “यसका लागि उसको समर्पण र त्याग न्यायका लागि हुनुपर्ने खाँचो छ”, उहाँले भन्नुभयो।

लोकतान्त्रिक प्रणालीभित्र नै न्यायपालिका सक्षम हुने राष्ट्रपति पौडेलको भनाइ थियो । “सक्षमताका निमित्त ऊ आफै निष्पक्ष हुनुपर्छ, तटस्थ हुनुपर्दछ र न्यायसम्पादनमा समरुपता हुनुपर्छ”, उहाँले भन्नुभयो-“सच्चा न्यायका लागि उसलाई स्वतन्त्रता पनि चाहिएको हुन्छ र त्यसको सुरक्षाको ख्याल नेपाल बारले राख्नुपर्ने हुन्छ।”

यही जेठ ६ गतेसम्म चल्ने सम्मेलनमा देशभरबाट करिब सात हजार कानुन व्यवसायीको सहभागी हुनुभएको छ । उद्घाटन समारोहमा वरिष्ठ अधिवक्ता तथा पूर्वमहान्यायाधिवक्ता सर्वज्ञरत्न तुलाधरलाई अभिनन्दन गरिएको थियो।

राष्ट्रपति पौडेलले अभिनन्दनपत्र र दोसल्ला ओढाएर उहाँलाई सम्मान गर्नुभएको हो । वरिष्ठ अधिवक्ता तुलाधर बारको पूर्वअध्यक्ष समेत हुनुहुन्छ।रासस

## राजनीतिक निकासका लागि सबै दलसंग छलफल आवश्यक :श्रममन्त्री

**टुडे समाचारदाता**

नेपालगन्ज। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले मुलुकमा व्याप्त राजनीतिक निकासका लागि सबै दलसंग छलफल आवश्यक रहेको बताएका छन्।

रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिममा सहभागी हुन शुक्रबार बाँकेको कोहलपुर पुगेका उनले पत्रकारहरुसँग कुरा गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीले मात्रै निकास निकाल्न नसक्ने बताएका छन्। उनले संवादबाट गतिरोधको अन्त्य हुने विश्वास व्यक्त गर्दै सुसंस्कृत राजनीति गर्न भनेर आएको पार्टीले संसद्मा गरेको गतिविधि दुःखद भएको उनको भनाइ थियो।

मन्त्री अर्यालले वैदेशिक रोजगारका लागि विभिन्न देशमा गएका र जेलमा भएका नेपालीका विषयमा गहन अध्ययन हुन लागेको उल्लेख गर्दै श्रम स्वीकृति लिएर गएका नेपाली नागरिकका पक्षमा उद्धार, शव व्यवस्थापन, औषधो पचार गर्न वैदेशिक रोजगार बोर्ड गठन भएको बताए। उहाँले श्रम स्वीकृति नलिई जाने कामदारका लागि मन्त्रालयले कुनै काम गर्न नसक्ने जानकारी दिदै महिला कामदार विदेश जाने र असुरक्षा हुने विषय जटिल भएको उल्लेख गरे।

“वैदेशिक रोजगारीमा संस्थागत र व्यक्तिगत ठगी छ, यसलाई योजना बनाएर काम गनुपर्छ”, मन्त्री अर्यालले भने। मन्त्रालयका सचिव घनश्याम उपाध्यायले श्रमसँग सम्बन्धित श्रमाधान अभियान सञ्चालन हुन लागेको जानकारी दिए। उनले वैदेशिक रोजगारीका लागि मिटर ब्याजमा पैसा लिने समस्या चिन्ताको विषय भएको बताएका थिए।

# नवप्रवर्तनलाई प्रोत्साहन गर्ने गरी रेडियो फ्रिक्वेन्सी नीति लागू गरिएको हो: मन्त्री शर्मा

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले दूरसञ्चार क्षेत्रमा फाइभ-जीलगायत नवीतम प्रविधि र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने गरी दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी नीति लागू गरिएको बताउनुभएको छ।

विश्व दूरसञ्चार तथा सूचना समाज दिवसका अवसरमा नेपाल दूरसञ्चार प्राधिकरणद्वारा शुक्रबार आयोजित ‘नेपालमा दूरसञ्चारको दिगो विकास’सम्बन्धी




सम्मेलनको उद्घाटन गर्दै मन्त्री शर्माले फ्रिक्वेन्सी लाइसेन्स ओगटेर राख्ने, राज्यलाई राजस्व नतिर्ने र काम नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न फ्रिक्वेन्सी नीतिलाई परिमार्जन गरी जारी गरिएको फ्रिक्वेन्सी नीति, २०८० को कार्यान्वयनबाट आगामी साउन १ गतेदेखि प्रविधि तटस्थताको नीति लागू हुने बताउनुभयो। यो परिवर्तनपछि राजस्वमा समेत उल्लेख्य वृद्धि हुने उहाँको विश्वास छ।

“यसबीचमा अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली पनि संशोधन गरिएको छ, यसले सम्पत्तिको व्यवस्थापन गर्नुको साथै प्रयोग नभएको रेडियो फ्रिक्वेन्सी स्वतः फिर्ता हुने र सीमित प्राकृतिक स्रोतका रुपमा रहेको राज्यको महत्वपूर्ण सम्पत्ति रेडियो फ्रिक्वेन्सीको दुरुपयोग रोक्न नीतिगत व्यवस्था गरिएको छ”, सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री शर्माले भन्नुभयो।

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, दूरसञ्चार नीति, २०६० र ब्रोडब्याण्ड नीति, २०७१ लाई पुनरावलोकन गरी एकीकृत नीति तर्जुमा गर्ने कार्य भइरहेको उल्लेख गर्दै उहाँले ब्याण्डविथ खरिदलाई थप प्रतिस्पर्धी बनाउँदा नेपाल टेलिकमको मात्रै औसतमा वार्षिक रु डेढ अर्ब बचत हुने अवस्था सिर्जना भएको बताउनुभयो। सेवा प्रदायकको लागत कम हुँदै जाँदा उपभोक्ताले तिर्ने शुल्क घटाउँदै लैजान सकिने उहाँको विश्वास छ।

हालै सार्वजनिक भएको नेपाल सरकारको नीति तथा कार्यक्रमबाट पनि हामीले प्राथमिकता र प्रतिबद्धता स्पष्ट गरेको बताउँदै उहाँले अब हरेक क्षेत्रमा डिजिटलाइजेसन गरेर मात्रै समृद्धि हासिल गर्न सकिन्छ भन्ने विश्वासका साथ नीति तथा कार्यक्रममार्फत आगामी दश वर्षलाई सूचना प्रविधि दशक घोषणा गरिएको जानकारी दिनुभयो । सूचना प्रविधि उद्योगलाई रोजगारी र सेवा निर्यातको प्रमुख क्षेत्रका रूपमा विकास गर्न प्रोत्साहन गरी नेपाललाई ग्लोबल सूचना प्रविधि हबको रूपमा विकास गर्ने घोषणा पनि गरेका बताउँदै उहाँले यो घोषणाको पूर्ण कार्यान्वयनका लागि सार्वजनिक डिजिटल पूर्वाधार पहिलो सर्त भएको उल्लेख गर्नुभयो।

“त्यसका लागि गर्ने भनेको दूरसञ्चार क्षेत्रको विकास नै हो, यसका लागि

> हामीले सुशासनका पक्षमा लिएको अडान र नीतिगत सुधारका कारण राजस्वमा समेत वृद्धि हुन थालेको छ, गत आर्थिक वर्षमा कूल राजस्व रु सात अर्ब ९० लाख सङ्कलन भएकोमा चालु आर्थिक वर्षको १० महिनामा रु सात अर्ब ४२ करोड राजस्व सङ्कलन भएको छ, उहाँले भन्नुभयो ।

सरकारले ब्रोडब्याण्ड इन्टरनेट विस्तार गरी ब्रोडब्याण्ड सेवालाई गुणस्तरीय, सर्वसुलभ र सुरक्षित बनाउने तथा सबै बस्तीसम्म द्रुतगतिको इन्टरनेट सेवा उपलब्ध गराउने कार्यलाई प्राथमिक कार्यभारका रुपमा अघि सारेको छ, यसका लागि सबै सेवा प्रदायकलाई सही रुपमा परिचालन गर्दै सरकारलाई आफ्नो लक्ष्यमा पुऱ्याउन नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणको महत्वपूर्ण भूमिका रहनेछ”, उहाँले भन्नुभयो।

मन्त्री शर्माले सार्वजनिक डिजिटल पूर्वाधारको रुपमा रहेको दूरसञ्चार क्षेत्रको समयाअनुकूल विकासका लागि सरकार योजनाबद्ध रुपमा अघि बढिरहेको बताउँदै प्रधानमन्त्रीको नेतृत्वमा हामीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी सम्हालेपछि सुशासन प्रवर्द्धनलाई केन्द्रमा राखेर नीतिगत र कानुनी सुधारका काम गरिरहेको बताउनुभयो।

“त्यसका केही सकारात्मक नतिजा पनि हामीले प्राप्त गर्न थालेका छौँ, हामीले सुशासनका पक्षमा लिएको अडान र नीतिगत सुधारका कारण राजस्वमा समेत वृद्धि हुन थालेको छ, गत आर्थिक वर्षमा कूल राजस्व रु सात अर्ब ९० लाख सङ्कलन भएकोमा चालु आर्थिक वर्षको १० महिनामा रु सात अर्ब ४२ करोड राजस्व सङ्कलन भएको छ”, उहाँले भन्नुभयो।

यसबाट हामीलाई सुशासनका पक्षमा दृढतापूर्वक उभिंदा नजिता प्राप्त गर्न सकिन्छ भन्ने गहिरो विश्वास पैदा भएको मन्त्री शर्माको भनाइ थियो। “सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा लामो समयदेखि गुम्सिएर बसेका अनियमितताका घटनाहरु एकपछि अर्को गरी सार्वजनिक हुने र कहिलेकाही त यिनै विषय दैनिकजसो समाचार शीर्षक बन्ने अवस्थाले यो क्षेत्रमा सुशासनको निकै नै आवश्यकता छ भन्ने देखिन्छ”, उहाँले भन्नुभयो।

सबैखाले अनियमितताका घटनाको छानविन र कारवाहीमा सरकार दृढतापूर्वक अघि बढ्दै जाँदा नेपालको दूरसञ्चार क्षेत्र सुशासनको दिशामा आउँदै गरेको महसुस भएको बताउँदै उहाँले सबैखाले अनियमिताको अन्त्य र सुशासनको प्रवर्द्धनले मात्रै दुरसञ्चार क्षेत्रलाई प्रभावकारी ढङ्गले अघि बढाउन सकिन्छ भन्ने विश्वास पैदा हुँदै गएको र त्यसले दुरसञ्चारको विकासमा नयाँ आयाम थप्ने सरकारको विश्वास रहेको बताउनुभयो।

दुरसञ्चार क्षेत्रलाई थप सुरक्षित महसुस हुने गरी लगानीकर्तामैत्री नियामक वातावरण सिर्जना गर्न सरकार प्रतिबद्ध रहेको र समयानुकूल नीति, कानुन र संरचना निर्माण तथा यसको प्रभावकारी कार्यान्वयनमार्फत दूरसञ्चार क्षेत्रको दिगो विकास गर्न सकिने र त्यसका लागि सबै क्षेत्रबाट सहयोग प्राप्त हुने छ भन्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले सम्मेलनबाट विद्यमान दुरसञ्चार बजारमा देखिएका चुनौती, दुरसञ्चार क्षेत्रको दिगो विकासका लागि नियमन सम्बन्धमा नेपाल सरकारबाट चाल्नुपर्ने कदम र नवीनतम दूरसञ्चार प्रविधिले प्रदान गरेका अवसरहरुको माध्यमबाट आम नागरिकको जीवनस्तरमा सुधार ल्याउन के गर्न सकिन्छ भन्ने विषयमा स्पष्ट रणनीति तय गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारीले दुरसञ्चार क्षेत्रमा देखिएका चुनौतीलाई अवसरका रुपमा लिएर अगाडि बढ्नुपर्ने बताउनुभयो।रासस

## सदनमा हुँदै आएको अवरोध अन्त्यका लागि छलफल जारी

**टुडे समाचारदाता**

काठमाण्डु। प्रतिपक्षी दलले संसदमा गर्दै आएको अवरोध अन्त्य गर्नका लागि प्रधानमन्त्री र सभामुखको विभिन्न दलसंगको छलफल गरेका छन्। संसद्मा देखिएको गत्यावरोध अन्त्य गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल ‘ प्रचण्ड’ र प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले बेग्लाबेग्लै राजनीतिक दलका नेतासँगको परामर्श गरेका हुन् ।

प्रधानमन्त्री दाहालले सिंहदरबारमा सत्तामा रहेको नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरुलाई अहिले छलफलमा बोलाएका हुन्। छलफल जारी रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

यसैगरी सभालाई नियमित सञ्चालन गरी कार्यसूचीमा प्रवेश गराउन अभिभावकका हैसियतले सभामुख घिमिरेले सत्तापक्ष र प्रतिपक्षका नेता र सचेतकसँग पटकपटक छलफल गर्दै आएका छन्। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले अवरोधको अवस्थामा रहेको सभाको बैठक सञ्चालन गर्ने विषयमा राजनीतिक दलबीच छलफल भइरहेको र प्रतिपक्षले केही समय माग गरेकाले शुक्रबारको बैठक सुरु हुन विलम्ब भएको जानकारी दिए। शुक्रबारको प्रतिनिधिसभाको बैठक बिहान ११ बजे र राष्ट्रियसभाको बैठक १:१५ बजे निर्धारिण गरिएको थियो। प्रमुख प्रतिपक्षी कांग्रेसले पनि विपक्षी दलका नेताहरुसँग छलफल गरिरहेको छ।

सङ्घीय संसद्को चालु अधिवेशनका हालसम्मका बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सहकारी अनियमिततामा संसदीय छानबिन समिति गठनको माग गर्दै अवरोध गर्दै आएको छ। सो दलले सभामुख घिमिरेको भूमिका तटस्थ र निष्पक्ष हुनुपर्ने माग पनि गर्दै आएको छ। यही जेठ २ गतेको सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरेपछि उनलाई धन्यवाद दिनेलगायत कार्यसूची रहेको सोही दिनको दोस्रो बैठकमा प्रतिपक्षीले अवरोध गरेपछि कार्यसूचीमा प्रवेश नगरी स्थगन भएको थियो। यही जेठ ३ गतेको बैठक पनि विपक्षीको विरोधका कारण अवरोध भएको थियो।

# नेपालको विकासमा रूसको ठूलो सहयोग छः उपप्रधानमन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले नेपालको विकासमा रूसको ठूलो सहयोग रहेको बताउनुभएको छ ।पूर्वसोभियत सङ्घ र स्वतन्त्र राज्यहरूको राष्ट्रमण्डलमा अध्ययन गरेका नेपालीको अल्मुनाई एसोसिएसन मित्रकुञ्जको ५७औँ वार्षिकोत्सव तथा एसियाली राष्ट्रहरुको छैटौँ राष्ट्रिय सम्मेलनको शुक्रबार उद्घाटन गर्दै उहाँले नेपालको आर्थिक विकासमा रूसको सधैँ साथ र सहयोग रहँदै आएको बताउनुभएको हो।




“नेपालको आर्थिक विकास, शिक्षा, विज्ञान, प्रविधि र पूर्वाधारका क्षेत्रमा रूसको महत्वपूर्ण साथ र सहयोग रहँदै आएको छ, यो मुलुकका लागि गर्वको कुरा हो,” उहाँले भन्नुभयो । उपप्रधानमन्त्री श्रेष्ठले नेपाल र रूसबीच पुरानो सम्बन्ध रहेकाले यसलाई झन् घनिष्ठ बनाउनका लागि यस्ता अल्मुनाईले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।श्रेष्ठले रूस र युक्रेनबीचको युद्धलाई वार्ता र संवादद्वारा समाधान गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले रूसली मुलुकमा सिकेको सीपलाई नेपालको विकासमा लगाउन सबैलाई आग्रह समेत गर्नुभयो।

नेपालका लागि रुसी महासङ्घका राजदूत अलेक्सेई निविकोभले रूस र नेपालबीचको सम्बन्धलाई मजबुद बनाउनका लागि यस्ता कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। “रूस र नेपालको मित्रतालाई मित्रकुञ्जले अगाडि बढाएको छ,” उहाँले भन्नुभयो ।मित्रकुञ्जका संस्थापक अध्यक्ष एवम् वरिष्ठ अधिवक्ता नीलाम्बर आचार्यले अल्मुनाईले दुई देशबीचको सांस्कृतिक आदानप्रदानका साथै दुई देशबीचको सम्बन्धलाई पुलको काम गरेको बताउनुभयो।

नेपालबाट पूर्वसोभियत सङ्घअन्तर्गतका विभिन्न देशमा गएर अध्ययन गरेका विद्यार्थीहरुको साझा संस्थाका रुपमा सन् १९६७ देखि मित्रकुञ्जलाई अगाडि बढाउँदै आइएको मित्रकुञ्जका अध्यक्ष महेशप्रसाद पाण्डेले जानकारी दिनुभयो। मित्रकुञ्जमा हाल एक हजार दुई सय सदस्य आबद्ध रहे पनि नेपालबाट रूस र पूर्वशोभियत सङ्घअन्तर्गत गएर पढ्ने विद्यार्थी भने सात हजारभन्दा बढी रहेको अध्यक्ष पाण्डेको भनाइ छ।

तीन दिनसम्म चल्ने सम्मेलनमा रुसबाट नौ, पाकिस्तानबाट एक, मङ्गोलियाबाट चार, भारतबाट एक, चीनबाट सात, बङ्गलादेशबाट ३२, नेपालबाट एक सय ५०, भेनिनबाट एकजना प्रतिनिधिको सहभागिता रहेको मित्रकुञ्जका उपाध्यक्ष केशवराज विष्टले जानकारी दिनुभयो ।मित्रकुञ्ज सम्मेलनका हस्पिटालिटी प्रमुख किशोर चापागाईंले नेपालको विकास र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा मित्रकुञ्जले काम गर्दै आएको बताउनुभयो। सो अवसरमा मित्रकुञ्जबाट प्रकाशित स्मारिकासमेत विमोचन गरिएको थियो।रासस

# मुलुकको ऊर्जा क्षेत्रको थप प्रवर्द्धन गर्छौं: प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुकको ऊर्जा क्षेत्रको विकास, सम्वर्द्धन र यस क्षेत्रको थप व्यावसायिकताका पक्षमा सरकार रहेको बताउनुभएको छ।

नेपालका निजी क्षेत्रका ऊर्जा उद्यमीहरुको छाता सङ्गठन स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इपान) को २२औँ साधारणसभालाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्रीले सरकार निजी क्षेत्रको प्रवर्द्धनकै पक्षमा रहेको बताउनुभयो।सरकारले नीतिगत, कानुनी, संस्थागत, संरचनागत र कार्यशैलीमा देखिएका समस्या समाधान गर्ने काममा सरकार लागेको प्रधानमन्त्रीको प्रष्टोक्ति छ।

“भर्खरै मात्र प्रस्तुत भएको नेपाल सरकारको नीति तथा कार्यक्रममा समेत निजी क्षेत्रलाई पर्याप्त सम्बोधन गरिएको छ। अब हाम्रो ध्यान नीति तथा कार्यक्रमअनुरूपको बजेट निर्माणमा छ । यसपटकको बजेटले नीति तथा कार्यक्रमको लक्ष्य र प्राथमिकतालाई केन्द्र राख्ने कुरा पनि म जानकारी गराउन चाहन्छु”, प्रधानमन्त्रीले भन्नुभयो ।प्रधानमन्त्रीले ढुक्क भएर ऊर्जा क्षेत्रका आयोजनामा लगानी गर्न आह्वान गर्दै निजी क्षेत्रको संरक्षण, समन्वय, सहजीकरण र सहायताका लागि सरकारले सम्भव सहयोग गर्ने बताउनुभयो।

प्रधानमन्त्रीले नयाँ ऊर्जाका साथ ऊर्जा क्षेत्रमा लगानी प्रोत्साहन गर्न, लगानी प्रवर्द्धनका निम्ति सरकारले लिएका नीतिहरूको प्रभावकारी सम्प्रेषण गर्न र आयोजना निर्माणमा थप तीव्रता दिन समेत आग्रह गर्नुभयो।‘अवरोधहरू तोडौँ, स्वदेशी लगानीको प्रवर्द्धन गरौँ’ भन्ने नारासहित इप्पानको साधारणसभा आयोजना गरिएको हो । नेपालको निजी क्षेत्रले जलविद्युत् उत्पादनमा व्यापारिक र व्यावसायिक रूपमा काम गर्न थालेको साढे दुई दशक पूरा भएको छ। यसबीचमा नै सङ्गठित रूपमा इप्पान स्थापना भएर आज २२औँ वार्षिकोत्सव मनाउन लागेकोमा प्रधानमन्त्रीले खुशी व्यक्त गर्नुभयो।

नेपालमा ऊर्जा उत्पादन सुरू भएको एक सय १३ वर्ष पुगेको छ। १९६८ साल जेठ ९ गते पहिलोपटक फर्पिङ जलविद्युत् आयोजनाबाट बिजुली उत्पादन भएको थियो । यस अवधिमा तीन हजार दुई सय मेगावाट ऊर्जा उत्पादन भएको छ। यसमध्ये निजी क्षेत्रबाट दुई हजार चार सय सय मेगावाट ऊर्जा उत्पादन भएको छ । देशको विकास र समृद्धिको यात्रामा यो निकै ठूलो उपलब्धी भएको प्रधानमन्त्रीको भनाइ छ।

“कुनै बेला दैनिक १६ घण्टाको चरम लोडसेडिङको अवस्थामा रहेको मुलुकमा अहिले वर्षायाममा विद्युत् निर्यात गर्ने अवस्थामा पुगेको छ, यसमा पनि निजी क्षेत्रको भूमिका प्रशंसनीय छ”, प्रधानमन्त्रीले भन्नुभयो, “अहिले निजी क्षेत्रले तीन हजार मेगावाट क्षमताका आयोजना निर्माण गरिरहेको र करिब २० हजार मेगावाट बराबरका आयोजना निर्माणको विभिन्न चरणमा रहेका छन्। यसले समेत निजी क्षेत्रको ऊर्जा विकासको भूमिका र महत्वलाई दर्शाएको छ।”रासस

# राष्ट्रसङ्घद्वारा विश्वव्यापी आर्थिक दृष्टिकोण सार्वजनिक

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ ।संयुक्त राज्य अमेरिका र ठूला उदीयमान अर्थव्यवस्थाहरूको बलियो प्रदर्शनका कारण विश्वव्यापी आर्थिक सम्भावनाहरू सुधार भएका छन् । यद्यपि कमजोरीहरू बाँकी रहेको संयुक्त राष्ट्रसङ्घको एक प्रतिवेदनमा उल्लेख छ। सन् २०२४ जनवरीको विश्व आर्थिक अवस्था र सम्भावनाहरूको प्रतिवेदनको मध्यावधिको अद्यावधिकअनुसार विश्व अर्थतन्त्र सन् २०२४ मा दुई दशमलव सात प्रतिशत र सन् २०२५ मा दुई दशमलव आठ प्रतिशतले बढ्ने अनुमान गरिएको छ।




जनवरीको प्रतिवेदनमा सन् २०२४ का लागि दुई दशमलव चार प्रतिशत र सन् २०२५ का लागि दुई दशमलव सात प्रतिशत वैश्विक वृद्धि दरको भविष्यवाणी गरिएको थियो । पछिल्लो संशोधनले मुख्यरूपमा अमेरिका र विशेषगरी ब्राजिल, भारत र रुसजस्ता उदीयमान अर्थतन्त्रहरूमा राम्रो दृष्टिकोण प्रतिबिम्बित गर्दछ ।चीनका लागि सामान्य वृद्धि हुनेछ । सन् २०२४ मा वृद्धि दर चार दशमलव आठ प्रतिशत हुने अनुमान गरिएको छ। सन् २०२४ जनवरीको पूर्वानुमानमा यो चार दशमलव सात प्रतिशत थियो।

प्रतिवेदनअनुसार अमेरिकी अर्थव्यवस्था निरन्तर उच्च ब्याज दरहरूका बावजुद उल्लेखनीयरूपमा उत्साहित रहेको छ र यसले अहिलेसम्म मन्दी वा 'सफ्ट ल्यान्डिङ' लाई अस्वीकार गर्दै आएको छ । अमेरिकाका लागि नयाँ पूर्वानुमान जनवरीको एक दशमलव चार प्रतिशतको भविष्यवाणीको सट्टा सन् २०२४ मा दुई दशमलव तीन प्रतिशतले बढ्ने पूर्वानुमान गरिएको छ । प्रतिवेदनमा अन्य विकसित अर्थतन्त्रहरू भन्दा राम्रो प्रदर्शन गर्दै अमेरिकी अर्थव्यवस्था २०२५ मा एक दशमलव सात प्रतिशतले बढ्ने अनुमान गरिएको छ । बेरोजगारी दर अपेक्षाकृत अपरिवर्तित रहने छ भने मुद्रास्फीति २०२५ मा दुई दशमलव तीन प्रतिशतमा झर्ने अनुमान गरिएको छ।

भारतको अर्थतन्त्र सन् २०२४ मा छ दशमलव नौ प्रतिशतले बढ्ने अनुमान गरिएको छ। यो जनवरीको पूर्वानुमानभन्दा शून्य दशमलव सात प्रतिशतले बढी हो। युक्रेन युद्धका बावजुद रुसको वृद्धि दर दुई दशमलव सात प्रतिशतले बढ्ने छ। यो जनवरीको एक दशमलव तीन प्रतिशतको पूर्वानुमानभन्दा अत्यन्त धेरै हो । अर्को प्रमुख उदीयमान बजार ब्राजिलले दुई दशमलव एक प्रतिशतले आर्थिक वृद्धि हासिल गर्ने अपेक्षा गरिएको छ। यो जनवरीको पूर्वानुमानभन्दा आधा प्रतिशतले बढी हो।

विश्वका अन्य प्रमुख अर्थतन्त्रका लागि जापानको आर्थिक वृद्धिदर एक दशमलव दुई प्रतिशतमा अपरिवर्तित रहने अनुमान गरिएको छ। बेलायतको अर्थतन्त्र न्यून-वृद्धि क्षेत्रमा रहेकाले अब शून्य दशमलव चार प्रतिशतको सट्टा शून्य दशमलव आठ प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।यद्यपि सन् २०२४ मा विकसित अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर एक दशमलव तीन प्रतिशतबाट संशोधन गरेर एक दशमलव छ प्रतिशत बनाइएको छ । युरोपेली सङ्घ (इयु) को आर्थिक वृद्धिदर एक दशमलव दुई प्रतिशतबाट घटेर एक प्रतिशतमा झारिएको छ।

अफ्रिका र पश्चिमी एसिया अन्य दुई क्षेत्रहरूमा अपेक्षाभन्दा सुस्त वृद्धिको अनुमान गरिएको छ । प्रतिवेदनमा अफ्रिकाको वृद्धि दर तीन दशमलव पाँच प्रतिशतबाट घटाएर तीन दशमलव तीन प्रतिशत बनाइएको छ । पश्चिम एसियामा अब वृद्धि दर दुई दशमलव नौ प्रतिशतको स्थानमा दुई दशमलव सात प्रतिशत रहने अनुमान गरिएको छ। समग्रमा विकासशील अर्थतन्त्र सन् २०२४ मा चार प्रतिशतको सट्टा चार दशमलव एक प्रतिशतले बढ्ने अनुमान गरिएको छ । यद्यपि विकसित देशहरूका लागि भने चार दशमलव आठ प्रतिशतको पूर्वानुमान गरिएको छ। यो जनवरीमा पूर्वानुमान गरिएको पाँच प्रतिशतभन्दा कम हो।

सन् २०२४ मा वस्तु तथा सेवाको विश्वव्यापी व्यापार जनवरीमा अनुमान गरिएको दुई दशमलव चार प्रतिशतको तुलनामा तीन दशमलव दुई प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।दृष्टिकोण केवल सावधानीपूर्वक आशावादी रहेको प्रतिवेदनमा चेतावनी दिइएको छ। लामो समयसम्म उच्च ब्याज दर, ऋण दिगोपन चुनौतीहरू, निरन्तर भू-राजनीतिक तनाव र बढ्दो जलवायु जोखिमहरूले विकासका लागि चुनौतीहरू खडा गरिरहेका छन् । परिणामस्वरूप कम विकसित देश र साना टापु विकासोन्मुख राज्यहरूको दशकौँको विकास लाभलाई खतरा भएको छ।

प्रतिवेदनमा आगामी वर्षहरूमा विश्वव्यापी वृद्धिदर सन् २०१०-२०१९ को औसत तीन दशमलव दुई प्रतिशतभन्दा कम रहने अनुमान गरिएको छ। मध्य वर्षको अद्यावधिक र जनवरी प्रतिवेदन संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक मामिला विभागले तयार गरेको हो।

# सुदूरपश्चिम प्रदेश महिला क्रिकेटको फाइनलमा



काठमाण्डु। सुदूरपश्चिम प्रदेश ललितपुर मेयर कप राष्ट्रिय महिला टि-ट्वान्टी क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । सुदूरपश्चिमले बागमती प्रदेशविरुद्ध १०९ रनको फराकिलो अन्तरले पराजित गर्दै प्रतियोगिताको फाइनलमा प्रवेश गरेको हो।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार भएको खेलमा सुदूरपश्चिमले प्रस्तुत गरेको एक सय ५८ रनको लक्ष्य पछ्याएको बागमतीले १६ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै ४८ रनमा समेटियो । जितसँगै चार खेलमा छ अङ्क जोड्दै सुदूरपश्चिम दोस्रो स्थानमा रहदै फाइनलमा पुगेको हो। पराजित बागमती प्रदेश समान खेलबाट दुई अङ्क जोड्दै प्रतियोगिताबाट बाहिरियो।

बागमतीका लागि करिश्मा गुरुङले १६ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। कन्चन श्रेष्ठले ७, विपिसा साहीले ४ तथा सोनी पाखिनले ३ रन जोडे ।बागमतीलाई सस्तैमा समेट्नेक्रममा सुदूरपश्चिमकी ऋतु कनोजियाले तीन विकेट लिइन् भने कविता जोशी र लक्ष्मी साउदले समान दुई/दुई विकेट लिए। त्यस्तै कप्तान विन्दु रावल र करिश्मा थापाले समान एक/एक विकेट लिए ।त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा दुई विकेट गुमाएर एक सय ५७ रनको योगफल बनाइएको थियो।

सुदूरपश्चिमका लागि सम्झना खड्काले सर्वाधिक ७४ रनको योगदान दिइन् । उनले ४७ बलमा १० चौकाको मद्दतले अविजित ७४ रनको योगदान दिएकी हुन् । त्यस्तै, रुवी पोदार र विन्दु रावलले समान २८/२८ रन बनाए भने कविता जोशीले अविजित २० रन बनाएकी थिइन् ।बागमतीका लागि करिश्मा गुरुङले एक विकेट लिइन् । योजितसँगै सुदूरपश्चिमले उपाधिका लागि अब नेपाल एपिएफ क्लबसँग प्रतिस्पर्धा गर्नेछ। फाइनल खेल शनिबार हुनेछ ।रासस

# भारतले अर्को चुनावी गर्मीको सामना गर्ने मौसम विभागको चेतावनी

एएफपी

नयाँदिल्ली । भारतले तीन सातामा दोस्रो पटक तातो लहर (लू) को सामना गरिरहेको मुलुकको मौसम ब्युरोले चेतावनी दिएको छ । यसमा छ साताको निर्वाचनमा लाखौँ मानिसले मतदान गर्ने क्षेत्र पनि समावेश छन्।



सन् २०१९ को पछिल्लो राष्ट्रिय निर्वाचनको तुलनामा जारी मतदानमा भएको गिरावटका लागि प्रधानमन्त्री नरेन्द्र मोदीले सजिलै तेस्रो कार्यकाल जित्नुहुने व्यापक अपेक्षाका साथै गर्मीमा औसतभन्दा धेरै तापक्रम पनि कारक रहेको विश्लेषकहरूले बताएका छन् । सात चरणको निर्वाचनमा नयाँ चरणको मतदान सोमबार हुनेछ । यसमा मतदान हुने भारतका केही भागमा तापक्रम सामान्यभन्दा दुईदेखि तीन डिग्री सेल्सियस बढी हुने अपेक्षा गरिएको छ।

उत्तर प्रदेश, पश्चिम बङ्गाल, महाराष्ट्र र झारखण्ड राज्यमा सोमबार मतदान हुँदैछ। त्यहाँ ४० डिग्री सेल्सियसको हाराहारीमा तापक्रमसहित 'मध्यम' लू चल्ने अपेक्षा गरिएको बिहीबार राति गरिएको पूर्वानुमानमा बताइएको थियो । भारतीय मौसम विभागले शिशु, वृद्ध र दीर्घरोगीहरूका लागि 'मध्यम स्वास्थ्य चिन्ता' को चेतावनी दिँदै ती राज्यका बासिन्दालाई गर्मीबाट बच्न सल्लाह दिएको छ । राजधानी दिल्लीमा पनि सप्ताहन्तमा अधिकतम तापक्रम ४५ डिग्री सेल्सियस पुग्ने अपेक्षा गरिएको पूर्वानुमानमा उल्लेख छ।

दक्षिण र दक्षिणपूर्वी एसियामा करोडौँ मानिसले गत महिना लामो समयसम्म गर्मीको सामना गर्नुपर्दा फिलिपिन्स र बङ्गलादेशमा विद्यालय बन्द गर्नुपरेको थियो। भारतको निर्वाचन आयोगले प्रत्येक चरणको मतदानअघि गर्मीको लहर (लू) र आर्द्रताको प्रभावको समीक्षा गर्नका लागि कार्यदल गठन गरेको गत महिना बताएको थियो । नयाँदिल्ली नजिकैको सहर मथुरामा अप्रिलको अन्त्यमा मतदानको दिन तापक्रमले ४१ डिग्री सेल्सियस पार गरेपछि मतदानमा पाँच वर्षअघिको तुलनामा करिब नौ अङ्कले गिरावट आएको निर्वाचन आयोगको आँकडाले देखाएको छ।

प्रधानमन्त्री मोदीले यसै महिना आफ्नो गृहराज्य गुजरातमा मत खसालेपछि मतदाताहरूलाई मतदानको दिन 'सकेसम्म धेरै पानी पिउन' आग्रह गर्नुभयो। भीषण गर्मीको तापक्रमबाट भारत अछूतो छैन तर वर्षौंको अनुसन्धानबाट जलवायु परिवर्तनका कारण एसियाली उपमहाद्वीप र विश्वभर गर्मीको लहर लामो, लगातार र अधिक तीव्र बनिरहेको पत्ता लागेको छ।

यसै साता वित्तीय राजधानी मुम्बईसहित मुलुकका धेरै भागमा भीषण आँधी आएको छ। आँधीका कारण मुम्बईमा विशाल बिलबोर्ड खस्दा १६ जनाको मृत्यु हुनुका साथै दर्जनौँ मानिस भग्नावशेषमा फसेका थिए । बिहीबार पश्चिम बङ्गालमा आँधी र चट्याङबाट कम्तीमा ११ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

# दक्षिण कोरियाको रोजगारी दरमा वृद्धि

सिन्ह्वा

सोल । गत महिना वृद्धवृद्धाको रोजगारीमा तीव्र वृद्धिका कारण दक्षिण कोरियाको रोजगारी बढ्दै गएको तथ्याङ्क कार्यालयको आधिकारिक तथ्याङ्कले शुक्रबार देखाएको छ ।स्टेटिस्टिक्स कोरियाका अनुसार अप्रिलमा १५ वर्ष वा सोभन्दा बढी उमेरका कार्यरत व्यक्तिको संख्या एक वर्षअघिको आँकडामा दुई लाख ६१ हजारले बढेर दुई करोड ८६ लाख ९३ हजार पुगेको छ।



वृद्धवृद्धाको कामबाट उच्च प्रभावित यो संख्या अघिल्लो महिना एक लाख ७३ हजारमा पुगेपछि अप्रिलमा तीव्र गतिमा बढेको हो समग्र रोजगारी विस्तार वृद्धवृद्धाद्वारा भएको थियो।

अप्रिलमा ६० वर्ष वा सोभन्दा बढी उमेर समूहका लागि रोजगारीको सङ्ख्या वार्षिक आधारमा अप्रिलमा दुई लाख ९२ हजार भएको छ तर २० देखि ४० वर्ष उमेर समूहका मानिसका लागि ७७ हजार र ९० हजारले सङ्कुचित भएको छ ।लगातार पाँचौँ महिना बढ्दो प्रवृत्ति कायम राख्दै उत्पादकहरू बीच रोजगारीको सङ्ख्या गत महिना एक लाखले बढेको छ।

स्वास्थ्य तथा समाज कल्याण सेवा, सूचना तथा सञ्चार उद्योगमा रोजगारी क्रमशः ९३ हजार तथा ६८ हजारले बढेको छ। शिक्षा सेवामा रोजगारी गुमेको छ। थोक र खुद्रा क्षेत्रका ४९ हजार र ३९ हजारले रोजगारी गुमाउनु परेको छ।

नियमित कर्मचारीहरूको संख्या दुई लाख ९३ हजार तथा अनियमित कर्मचारीहरूको संख्या दुई लाख पुगेको छ तर गत महिना दैनिक मजदुरहरूको संख्या भने एक लाख ४७ हजारले घटेको छ ।कामदारहरू भाडामा लिने स्व-रोजगार गर्नेहरूको संख्याया अपरिवर्तित रहेको छ भने कर्मचारीहरू बिना स्व-रोजगार गर्नेहरूको संख्या ९४ हजारले पछि हटेको थियो।

यसै क्रममा १५ वर्ष वा सोभन्दा बढी उमेरका लागि रोजगार दर अप्रिलमा शून्य दशमलव तीन प्रतिशतले बढेर ६३ प्रतिशत पुगेको छ भने १५ देखि ६४ वर्षका लागि ओइसीडी-विधि भर्ना दर शून्य दशमलव छ प्रतिशतले बढेर ६९ दशमलव छ प्रतिशत पुगेको छ ।अप्रिलमा बेरोजगारीहरूको सङ्ख्या आठ लाख ८५ हजार पुगेको छ । यो गत वर्षको सोही अवधिको तुलनामा ८१ हजारले बढी हो । बेरोजगारी दर शून्य दशमलव दुई प्रतिशतले बढेर तीन प्रतिशत पुगेको छ।

विस्तारित बेरोजगारी दर अप्रिलमा शून्य दशमलव तीन प्रतिशतले घटेर आठ दशमलव आठ प्रतिशतमा झरेको छ। त्यस्तै १५ देखि २९ वर्ष उमेर समूहका लागि एक दशमलव चार प्रतिशतले घटेर १६ दशमलव एक प्रतिशत भएको छ ।आधिकारिक बेरोजगारी दरले ती व्यक्तिहरूलाई मापन गर्दछ जो तुरुन्तै कामका लागि उपलब्ध छन् तर सक्रिय रूपमा जागिर खोज्ने प्रयासका बावजुद विगत चार हप्तादेखि जागिर पाउन असफल भएका छन्।

श्रम न्यून उपयोग सूचक भनिने विस्तारित बेरोजगारी दरदलाई जागिर खोज्नबाट निरुत्साहित हुनेहरू, पूर्ण-समय काम गर्ने इच्छा विरुद्ध अंशकालीन काम गर्ने र कलेज स्नातकपछि जागिर प्राप्त गर्न तयारी गर्नेहरूलाई आधिकारिक बेरोजगारी दरमा मापन गरिन्छ नोकरी खोज्ने कुनै इच्छा नभएको आर्थिक रूपमा निष्क्रिय जनसंख्या अप्रिलमा एक वर्ष अघिको तुलनामा एकलाख ७४ हजारले घटेर एक करोड ५९ लाख ६१ हजार भएको छ ।गत महिना निरुत्साहित रोजगारी खोज्नेहरूको संख्या ४५ हजारदेखि तीन लाख ६९ हजारसम्म बढेको छ।

# दक्षिण अफ्रिकाद्वारा गाजामा युद्धविरामको आदेश न्यायालयलाई आग्रह

एएनआई

द हेग ।दक्षिण अफ्रिकाले अन्तर्राष्ट्रिय न्यायालय (आइसीजे) समक्ष इजराइललाई प्यालेस्टिनीहरू विरुद्धको नरसंहारको आरोप लगाएको मुद्दाअन्तर्गत रफाहमा भएको आक्रमण रोक्ने आदेश दिन आग्रह गरेको अल जजिराले बिहीबार रिपोर्ट गरेको छ।

गाजामा इजराइलको आक्रमणलाई लिएर जनवरीमा मुद्दा दायर गरेको दक्षिण अफ्रिकाले दक्षिणी गाजा पट्टीको रफाह सहरमा आफ्नो आक्रमणलाई लिएर थप आपत्कालीन उपायहरू खोजिरहेको छ। यसले बिहीबार हेगको अदालतमा प्यालेस्टिनी जनताले 'निरन्तर विनाश' को सामना गरिरहेको र रफाहमा भएको आक्रमणले 'गाजा पूर्णरूपमा नष्ट भएको अन्तिम खेलको हिस्सा' बताएको छ।

दक्षिण अफ्रिकी वकिल टेम्बेका एनग्कुकाइटोबीले 'नरसंहार' को परिणाम निम्त्याउन सक्ने 'स्पष्ट चेतावनी' हुँदाहुँदै पनि इजराइलले रफाहमा आक्रमण गर्न दबाब दिइरहेको बताउनुभयो । सन् १९४९ को नरसंहार महासन्धि उल्लङ्घन गरेको दक्षिण अफ्रिकाको दाबीलाई आधारहीन भन्दै अस्वीकार गरेको इजराइलले शुक्रबार जवाफ दिने अल जजिराले जनाएको छ । अदालती सुनुवाइको केही मिनेटअघि इजराइली रक्षामन्त्री योव गालान्टले व्यापकरूपमा आलोचना गरिएको रफाह अपरेसन जारी रहने बताउनुभयो।

आइसीजेका न्यायाधीशहरूले पहिले नै गाजामा मानवीय पीडा सीमित गर्न अस्थायी उपायहरू जारी गर्दै इजराइललाई आवश्यक पहल गर्न आदेश दिएका थिए। ती प्रावधानमध्ये इजराइलले गाजामा गम्भीर भोकमरीबाट पीडित प्यालेस्टिनीहरूलाई ढिलाइ नगरी आधारभूत खाद्यान्न आपूर्ति सुनिश्चित गर्नु थियो। यस महिना इजराइली सेनाले मानवीय सहायताका लागि महत्त्वपूर्ण प्रवेश विन्दु गाजा पट्टी र इजिप्टबीचको रफाह सीमा क्रसिङको प्यालेस्टिनी पक्ष कब्जा गरी बन्द गरेको हो। सहायता एजेन्सीहरूले इजराइलको यो कदमले उनीहरूको सहायता सञ्चालनमा उल्लेखनीय बाधा पुर्याएको चेतावनी दिएका छन्।

"यो मानवीय सहायताका लागि गाजाको प्राथमिक केन्द्र हो, यदि रफाह पतन भयो भने भने गाजाले पनि पतन हुन्छ", दक्षिण अफ्रिकाले अदालतमा लिखित निवेदनमा भन्यो।

# ट्विटर एक्स डटकम भएको मस्कद्वारा पुष्टि

एएफपी

पेरिस। यसअघि ट्विटरको नामबाट चिनिने सामाजिक सञ्जाल पूर्णरूपमा एक्स डटकममा स्थानान्तरण भएको यसका मालिक एलन मस्कले शुक्रबार बताउनुभएको छ।

टेस्ला, स्पेसएक्स तथा अन्य कम्पनीका अर्बपति प्रमुख मस्कले सन् २०२२ को अन्त्यमा ट्विटरलाई ४४ अर्ब डलरमा खरिद गर्नुभएको थियो र गत जुलाईमा एक्समा रिब्रान्ड गर्ने घोषणा गर्नुभएको थियो। लोगो र ब्रान्डिङलाई बदलेर 'एक्स' बनाए पनि डोमेन नाम शुक्रबारसम्म ट्विटर डटकम नै रहेको छ।

"सबै कोर प्रणाली अब एक्स डटकममा छन्", मस्कले नीलो वृत्तमा सेतो एक्सको लोगोको छवि पोस्ट गर्दै सामाजिक सञ्जाल एक्समा लेख्नुभयो। ट्विटर डटकमको प्रश्नहरूले शुक्रबार बिहान प्रयोगकर्ताहरूलाई ट्विटर डटकममा पुनःनिर्देशित गर्यो। यद्यपि मूल डोमेन नाम अहिले पनि केही ब्राउजरमा देखा परेको थियो। मस्कले सन् १९९९ मा एक्स डटकम नामक अनलाइन वित्तीय सुपरस्टोर स्थापना गर्ने प्रयासमा आफ्नो कम्पनीहरूको ब्रान्डिङमा बारम्बार एक्स अक्षरको प्रयोग गर्नुभयो।

ट्विटर खरिद गरेपछि सम्झौता बन्द गर्नका लागि उहाँले एक्स कर्प नामक कम्पनीको स्थापना गर्नुभयो। मस्कले उहाँ चीनको विच्याटको लाइनमा 'एक्स' एक सुपर-एप बन्न चाहेको बताउनुभएको छ। चिनियाँ एप विच्याट एक्सभन्दा धेरै ठूलो छ र यसले सन्देश, भ्वाइस कलिङ, सामाजिक सञ्जाल, मोबाइल भुक्तानी, गेम, समाचार, अनलाइन बुकिङ र अन्य सेवाहरूलाई एकसाथ जोडेको छ।

मस्कले 'ग्रोक' नामक एआई च्याटबट एक्समा पनि काम गर्नुभएको छ। यसलाई यसै साता युरोपमा लन्च गरिएको थियो। मस्कको एक्स नेतृत्व विवादास्पद साबित भएको छ। उहाँले हजारौँ कर्मचारीलाई बर्खास्त गर्नुभएको छ। प्रमुख प्राविधिक समस्याको निरीक्षण गर्नुभएको छ र दक्षिणपन्थी षड्यन्त्र सिद्धान्तवादीहरूका साथै अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पका खाताहरू पुनःस्थापित गर्नुभएको छ।

# रुसी र चिनियाँ सदाका लागि दाजुभाइ हुन् : राष्ट्रपति पुटिन

एएनआई

बेइजिङ ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्नो दुई दिने चीन भ्रमणको समापन दिनमा दुई देशबीचको सम्बन्धको उच्च प्रशंसा गर्दै रुसी र चिनियाँबीच 'सदाका लागि भाइचारा' रहेको बताउनुभएको रुसी समाचार एजेन्सी तासले जनाएको छ। दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७५औँ वर्षगाँठ र अन्तर-सांस्कृतिक वर्ष प्रारम्भका अवसरमा आयोजित समारोहमा पुटिनले दुई देशबीच सौहार्दपूर्ण सम्बन्ध जारी रहने विश्वास व्यक्त गर्नुभयो।



"यो कार्यक्रम कूटनीतिक सम्बन्ध स्थापनाको ७५औँ वार्षिकोत्सवलाई समर्पित छ । पचहत्तर वर्षअघि सिर्जना गरिएको त्यस समयको एउटा प्रसिद्ध गीत जुन प्रायजसो आजसम्म गाइन्छ । यसमा एक प्रसिद्ध पङ्क्ति छ : 'रूसी र चिनियाँ सदाका लागि भाइहरू हुन्'", पुटिनले भन्नुभयो । तासका अनुसार उहाँले रुस-चीन साझेदारीको भ्रातृभावलाई बढावा दिने विश्वास व्यक्त गर्नुभएको छ । "म विश्वस्त छु कि हामी सौहार्दपूर्ण रूसी-चिनियाँ साझेदारीको भ्रातृ भावनालाई बलियो बनाउने पहल जारी राख्नेछौँ", रुसी राष्ट्रपतिले भन्नुभयो।

राष्ट्रपति पुटिन आफ्नो चीनको राजकीय भ्रमणका क्रममा शुक्रबार हार्बिन आइपुग्नुभएको हो । रूसी राष्ट्रपतिले हार्बिनमा आठौँ रूसी-चिनियाँ प्रदर्शनी र अन्तरक्षेत्रीय सहकार्यको चौथो रूस-चीन फोरमको उद्घाटन गर्नुभयो । रूसी राष्ट्रपतिले चीनको उत्तरपूर्वी हेइलोंगजियाङ प्रान्तको राजधानी पनि भ्रमण गर्ने अपेक्षा गरिएको छ।

त्यहाँ उहाँले व्यापार र सहयोग फोरममा भाग लिनुहुनेछ । तासका अनुसार चीन र रुसबीचको सीमा तनावले ऐतिहासिकरूपमा ग्रस्त यस क्षेत्रले हालैका वर्षहरूमा कनेक्टिभिटी बढेको देखेको छ, जसले दुई छिमेकीबीच घनिष्ठ आर्थिक र सांस्कृतिक सम्बन्धलाई बढावा दिएको पाइन्छ।

# सरकारले १३ मिलियन यूरो अनुदान सहायता स्वीकार गर्ने



काठमाण्डु। सरकारले स्थानीय जलवायु अनुकूलनसम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि फिनल्यान्ड सरकारबाट प्राप्त हुने १३ मिलियन यूरो अनुदान सहायता स्वीकार गर्ने भएको छ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले गरेका निर्णयबारे जानकारी दिन शुक्रबार आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री एवम् सरकारका प्रवक्ता रेखा शर्माले जानकारी दिनुभयो । त्यसैगरी, सरकारले फौजदारी कसुर (कैद कट्टा) (तेस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने, सङ्घीय संसद्को प्रतिनिधिसभामा विचाराधीन राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक फिर्ता लिन स्वीकृति दिनेसमेत निर्णय गरेको छ।

मन्त्री शर्माले सिङ्गापुरमा कार्यक्षेत्र रहने गरी हेलेन क्याम्पोस, इजरायलको रेहबोट सहरमा कार्यक्षेत्र रहने गरी नडभ बेन यहुदा, संयुक्त राज्य अमेरिकाको मासाचुसेट्स राज्यमा कार्यक्षेत्र रहने गरी प्रह्लादबहादुर केसी र रुसी महासङ्घको सेन्ट पिटर्सवर्ग सहरमा कार्यक्षेत्र रहने गरी वाई.भी गोसेभलाई अवैतनिक वाणिज्यदूत पदमा नियुक्त गर्ने निर्णय गरिएको जानकारी दिनुभयो। उहाँले काबेली-३ जलविद्युत् आयोजना निर्माणका लागि ताप्लेजुङको सिरिजङ्घा गाउँपालिकामा रहेको राष्ट्रिय वनको एक दशमलव ६५ हेक्टर, चिनो खोला जलविद्युत् आयोजना निर्माणका लागि अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत मनाङको नार्सों गाउँपालिकामा रहेको राष्ट्रिय वनको पाँच दशमलव ९४१ हेक्टर र ह्वासिन सिमेन्ट नारायणी प्रालिलाई धादिङ जिल्लाको बेनीघाट, रोराङ्ग गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको ११ दशमलव आठ हेक्टर जग्गा चुनढुङ्गा उत्खनन्का साथै खानी सञ्चालन गर्न स्वीकृति दिने निर्णय गरिएको जानकारी दिनुभयो।

सोही बैठकले नीति अनुसन्धान प्रतिष्ठान विकास समितिको कार्यकारी अध्यक्ष पदमा प्रा लेखनाथ शर्मा र न्यूनतम पारिश्रमिक निर्धारण समितिको अध्यक्ष पदमा सङ्गीता खड्का (काठमाडौँ) लाई नियुक्त गर्ने र नेपाल प्रशासन सेवा सामूहिकीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा लोकनाथ पौडेल तथा नेपाल कृषि वन सेवा सामूहिकीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजेन्द्रप्रसाद मिश्रलाई बढुवा गर्ने निर्णय गरेको छ।

सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री शर्माले अन्तर ष्ट्रिय श्रम सङ्गठनको संयन्त्रमा नेपालको सहभागिताका लागि स्वीकृति प्रदान गर्ने, स्विट्जरल्यान्डको जेनेभामा आयोजना हुने अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा यही जेठ २७ देखि आगामी असार १ गतेसम्म श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री र यही जेठ १३ देखि १९ गतसम्म स्विट्जरल्यान्डको जेनेभामा आयोजना हुने विश्व स्वास्थ्य सङ्गठनको सभामा भाग लिन स्वास्थ्य तथा जनसं यामन्त्रीसहित तीन जनालाई सहभागी हुन स्वीकृति दिने निर्णय भएको जानकारी दिनुभयो।

बिहीबार बसेको मन्त्रिपरिषद्ले स्ट्यान्डर्ड नाप र तौल (छैटौँ संशोधन) नियमहरू, २०८० स्वीकृति गर्ने र वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरेको सम्पत्ति विवरण सार्वजनिक गर्ने पनि निर्णय गरेको छ।रासस

# तनहुँमा बाह्र वटा साना योजना सम्पन्न

तनहुँ । सामाजिक विकास कार्यालय तनहुँले चालु आर्थिक वर्षमा सञ्चालन गरेका ४७ योजनामध्ये १२ योजना सम्पन्न भएका छन् ।

कूल योजनामध्ये ३२ वटा योजना सम्झौता भएका थिए । सम्पन्न भएका योजनाको भुक्तानी भइसकेको छ। बाँकी १५ वटा योजना सम्झौता हुन बाँकी रहेको सामाजिक विकास कार्यालय प्रमुख विक्रम सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार वार्षिक योजनाअन्तर्गत १४ र राष्ट्रिय खेलकूद परिषदका एक गरी १५ योजना सम्झौता हुन बाँकी छन् ।

सम्पन्न भएका योजनाअन्तर्गत विद्यालय, मन्दिर, सामुदायिक भवन, धार्मिक, सांस्कृतिक र खेलकूद क्षेत्रका पूर्वाधार मर्मत तथा निर्माण गरिएको छ। त्यसैगरी विपद्जन्य घटनाका कारण विद्यालयमा पुगेको क्षति न्यूनीकरणका लागि विपद् व्यवस्थापन शैक्षिक कार्यक्रमअन्तर्गत सात वटा योजना सम्झौता भई निर्माण प्रक्रियामा छ। त्यसैगरी राष्ट्रिय खेलकूद परिषद्अन्तर्गत दुई योजनामध्ये एउटा सम्झौता भई काम सुरु भएको र एउटा सम्झौता हुन बाँकी रहेको उहाँले बताउनुभयो।

कार्यालयको पूँजीगततर्फ रु पाँच करोड ७५ लाख बजेट रहेको छ। व्यास-१ निर्मल माध्यमिक विद्यालयको भवन तथा प्रयोगशाला निर्माणका लागि रु तीन करोड बजेट विनियोजन भई निर्माण भइरहेको छ।

कूल बजेटको करिब ५२ प्रतिशत बजेट उक्त विद्यालयको संरचना निर्माणमा खर्च भएको उहाँले बताउनुभयो।

चालु आवमा काम सम्पन्न गर्न अधिकारी कन्स्ट्रक्सन प्रालिले ठेक्का पाएको छ। हालसम्म उक्त भवनको ५० प्रतिशत भौतिक प्रगति भएको निर्माण कम्पनीका प्रोपाइटर पङ्कज अधिकारीले जानकारी दिनुभयो । चालुतर्फ जिल्लामा रु ७५ लाख बजेट विनियोजन भएको सो कार्यालयले जनाएको छ।रासस

# त्रिशूली 'थ्री बी हब सबस्टेसन' सञ्चालनमा

**आयोजनाका निर्देशक थर्कबहादुर थापाले सबस्टेसनबाट नेपालको समग्र विद्युत् प्रणालीलाई विश्वसनीय र गुणस्तरीय बनाउन महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो ।**



काठमाण्डु। चिलिमे-त्रिशूली दुई सय २० केभी प्रसारण प्रणाली आयोजनाअन्तर्गत नुवाकोटको किस्पाङ गाउँपालिकास्थित पहिरेबेँसीमा निर्माण गरिएको त्रिशूली 'थ्री बी हब सवस्टेशन'को शुक्रबार उद्घाटन गरिएको छ । सो सबस्टेशनको क्षमता दुई सय २०/१३२/३३ केभी रहेको छ।

आयोजनाको कर्पोरेट सामाजिक उत्तरदायित्वअन्तर्गत छिमेकी विद्युतीकरण कार्यक्रमबाट किस्पाङ गाउँपालिकाकै भाल्चेमा निर्माण गरिएको ३३/११ केभी विद्युत् वितरण सबस्टेसनको पनि शुक्रबारै उद्घाटन गरिएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत र युरोपेली आयोगकी अन्तर्राष्ट्रिय साझेदारी उपमहानिर्देशक मिरियम फेरन , युरोपेली सङ्घ (इयु) का राजदूत भेरोनिक लोरेञ्जो , जर्मन राजदूत थोमस प्रिन्ज र युरोपेली लगानी बैंक (इआइबी) का निर्देशक थौउराया ट्रिकीले शुक्रबार संयुक्तरुपमा त्रिशूली ' थ्री बी हब र भाल्चे सबस्टेसन' उद्घाटन गर्नुभयो।

करिब एक सय चार रोपनी जग्गामा निर्माण गरिएको त्रिशूली थ्री बी हब सबस्टेसनको लागत रु एक अर्ब ९७ करोड रहेको छ । त्रिशूली-काठमाडौँ २२० केभी प्रसारण लाइनबाट त्रिशूली थ्री बी हब सबस्टेसन मातातीर्थ सबस्टेसनसँग जोडिएको छ । भाल्चे सबस्टेसन तथा त्रिशूली थ्री बी हब-भाल्चे ३३ केभी प्रसारण लाइनसहित छिमेकी विद्युतीकरण कार्यक्रमको लागत रु ४२ करोड ९३ लाख रहेको छ। नुवाकोट र रसुवा जिल्लाका प्रसारण लाइन तथा सबस्टेसनबाट प्रभावित र त्यस आसपासका क्षेत्रमा विद्युत् पहुँच विस्तार र आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय बनाउन छिमेकी विद्युतीकरण कार्यक्रममार्फत ३३ तथा ११ केभी लाइन र वितरण सबस्टेसन निर्माण गरिएको हो। यसबाट नुवाकोट र रसुवाका दुई हजारभन्दा बढी घरधुरी लाभान्वित भएका छन् ।

उद्घाटन समारोहमा मन्त्री बस्नेतले त्रिशूली नदी जलाधार क्षेत्रका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रवाहका लागि मात्र नभएर समग्र देशको विद्युत् प्रणाली व्यवस्थापन गर्न सबस्टेसन निर्माणबाट महत्वपूर्ण पाइला थपिएको बताउनुभयो । आगामी १२ वर्षभित्रमा २८ हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य पूरा गर्न उत्पादन, प्रसारण र वितरणको क्षेत्रलाई लगानी मैत्री बनाउन नीतिगत, कानुनी र संरचना सुधार सुरु गरिसकिएको उल्लेख गर्दै मन्त्री बस्नेतले प्राकृतिक स्रोतमा प्रभावित क्षेत्रका स्थानीय बासिन्दालाई हिस्सेदार बनाउने गरी आयोजना अगाडि बढाइएको बताउनुभयो।

मन्त्री बस्नेतले जलविद्युत् क्षेत्रमा सरकार, स्थानीय समुदाय, वैदेशिक र निजी क्षेत्रको लगानीलाई समन्वयात्मकरुपमा अगाडि बढाइने उल्लेख गर्नुभयो । युरोपेली आयोगकी उपमहानिर्देशक फेरनले जलवायु परिवर्तनबाट सिर्जित समस्यासँग जुध्न नवीकरणीय हरित ऊर्जाको उत्पादन वृद्धिका लागि सबस्टेसन महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले सबस्टेसन निर्माणबाट नेपालको ठूलो समुदाय लाभान्वित हुने भएकाले युरेपेली युनियनका लागि गौरवको विषय भएको उल्लेख गनुभयो।

जर्मन राजदूत थोमस प्रिन्जले उत्पादित स्वच्छ हरित ऊर्जा उपभोक्ताको घरसम्म पुर्याउन सात करोड युरो अनुदान दिन लागिएको जानकारी दिनुभयो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नेपालको हरित ऊर्जाको दिगो विकासका लागि यस क्षेत्रको पूर्वाधारमा लगानी गर्न युरोपेली युनियन र यसका सदस्य राष्ट्रहरुलाई आग्रह गर्नुभयो । उहाँले आगामी १२ वर्षमा २८ हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य पूरा गर्न उत्पादन, प्रसारण र वितरणतर्फका पूर्वाधारमा करिब ४६ अर्ब अमेरिकी डलर आवश्यक पर्ने भएकाले लगानीका लागि आग्रह गर्नुभयो।

आयोजनाका निर्देशक थर्कबहादुर थापाले सबस्टेसनबाट नेपालको समग्र विद्युत् प्रणालीलाई विश्वसनीय र गुणस्तरीय बनाउन महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो।

उहाँले चिलिमे हब-त्रिशूली थ्री बी हब प्रसारण लाइन एक महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी तीव्ररुपमा काम भइरहेको उल्लेख गनुभयो।

चिलिमे-त्रिशूली २२० केभी प्रसारण प्रणालीआयोजनाअन्तर्गत रसुवाकोआमाछोदिङमोगाउँपालिकाको थम्बुचेतस्थित चिलिमे हव २२० केभी सबस्टेसनदेखि त्रिशूली थ्री बी हबसम्मको २८ किलोमिटर २२० केभी डबल सर्किट प्रसारण लाइन र चिलिमे हब २२० केभी सबस्टेसन निर्माण अन्तिम चरणमा छन् । अनुमानित लागत रु ६ अर्ब १९ करोड रहेको चिलिमे-त्रिशूली २२० केभी प्रसारण प्रणाली आयोजना नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरणको लगानी र जर्मन विकास बैंक (केएफडब्लू) तथा इयुको अनुदान सहयोग रहेको छ। इयुले स्थापना गरेको इआइबीले आयोजनामा सहुलितपूर्ण ऋण उपलब्ध गराएको छ।

त्रिशूली नदी र त्यसका सहायक खोलामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाह गर्न चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइन र चिलिमे तथा त्रिशूली थ्री बी हब सबस्टेसन निर्माण गरिएको हो । प्रसारण लाइन तथा सबस्टेसनबाट करिब एक हजार दुई सय मेगावाट विद्युत् प्रवाह हुन सक्दछ । कूल २८ किलोमिटर प्रसारण लाइनमा पर्ने ७५ टावरमध्ये ७० वटाको जग हालिएको छ। बाँकी पाँच टावरको आंशिक जग हालिएको छ। ६० टावर खडा गरिएका छन् भने १० वटाको काम धमाधम भइरहेको छ।

पन्ध्र किलोमिटर तार तानिएको छ भने खडा गरिएका टावरमा तार तान्ने काम भइरहेको छ।

चिलिमे-त्रिशूली थ्री बी हब प्रसारण लाइनअन्तर्गत चिलिमे-मैलुङ खण्ड २० किलोमिटर डबल सर्किट र मैलुङ-त्रिशूली थ्री बी हबसम्म आठ किलोमिटर चार (मल्टी) सर्किट लाइन निर्माण गरिएको छ । प्रसारण लाइन निर्माण एक महिनाभित्र सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छ। कोरियन कम्पनीको अगुवाइमा निर्माणाधीन २१६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको विद्युत् जोड्न मल्टीसर्किट लाइन बनाइएको हो । माथिल्लो त्रिशूली-१ ले मल्टीसर्किट लाइन बनाउँदा भएको खर्चको ६० प्रतिशत रकम बेहोर्नेछ।

भौगोलिकरुपमा अत्यन्तै जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा टावर बनाउनुपर्ने, भिरैभिर रहेको र सडक पनि नभएकाले ढुङ्गागिटी, बालुवा, टावरका सामान कामदार वा खच्चडबाट बोकाएर लैजानुपर्ने, बाढीपहिरो, निर्माण व्यवसायीको कमजोर कार्यसम्पादन, वन क्षेत्रको जग्गा प्रयोगको समस्या, स्थानीयको अवरोध, कोभिड-१९ लगायतका कारणले आयोजनाको निर्माण प्रभावित हुँदै आएको छ।

प्रसारण लाइन समुद्री सतहबाट ६८० देखि २६०० मिटरसम्म पर्ने भूभागमा निर्माण गरिएको छ । ३३ टावर पहुँच सडक नै नभएका ठाउँमा निर्माण गर्नुपर्ने अवस्था थियो । उक्त स्थानसम्म पुग्न छुट्टै पहुँच सडक निर्माण गरिएको छ।

६० मेगावाटको माथिल्लो त्रिशूली थ्री ए, २१६ मेगावाटको माथिल्लो त्रिशूली-१, १११ मेगावाटको रसुवागढी,४२.५ मेगावाटको साञ्जेन, तादी खोलाका विभिन्न आयोजनाको ४२ मेगावाट, ३७ मेगावाटको माथिल्लो त्रिशूली थ्री बी, १४.८ मेगावाटको माथिल्लो साञ्जेन, १४.३ मेगावाटको माथिल्लो मैलुङलगायतका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् यही प्रसारण लाइन तथा सबस्टेसनमार्फत राष्ट्रिय प्रणालीमा समाहित हुनेछ।

प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि चिनियाँ कम्पनी पिङ्गाओ ग्रुप अफ कम्पनिसँग २०७४ को कात्तिकमा ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौता २०७४ पुसमा कार्यान्वयनमा आएको थियो।रासस

# कोदोखेतीतर्फ पर्वतका किसानको बढ्दो आकर्षण



पर्वत । परम्परागत बालीका रुपमा रहेको कोदो उत्पादनतर्फ पर्वतका किसानको आकर्षण बढ्दै जान थालेको छ। बजार अभावले केही वर्ष पहिलेसम्म कोदो उत्पादन गर्न छाडेका किसान अहिले पुनः कोदोखेतीमा सक्रिय हुन थालेका छन्। पछिल्ला केही वर्षयता होटल, रेष्टुरेन्ट तथा घरबास 'होमस्टे'हरुमा कोदोका परिकारको माग बढ्दै गएपछि किसान यसतर्फ आकर्षित भएका हुन् । कोदोको परिकारमा प्रोटिन, आइरन र क्याल्सियम बढी मात्रामा पाइने र स्वास्थ्यका लागि उपयोगी हुने भएकाले माग बढ्दै जाँदा उत्पादन पनि बढ्दै गएको किसानको भनाइ छ।

पहिले-पहिले कोदोको ढिँडो, रोटी र खोले निकै कम मात्रै पाक्थ्यो। पछिल्लो समय घरबाससँगै सहर बजारका ठूला-ठूला होटलका भान्छामा पनि ढिँडो पाक्न थालेको छ । कोदोको माग बढ्दै जान थालेपछि जिल्लामा व्यावसायिक रुपमा कोदोखेती गर्नतर्फ किसानलाई आकर्षण गर्न थालिएको जिल्लस्थित कृषि ज्ञान केन्द्रले जनाएको छ। केन्द्रले परम्परागत बाली उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत कोदो उत्पादन गर्ने किसानलाई अनुदान दिन थालेको हो । चालु आर्थिक वर्षमा थप साढे २८ हेक्टर क्षेत्रफलमा कोदोखेती विस्तारका लागि केन्द्रले सहयोग गरेको छ। कोदोखेती गर्ने किसानलाई यान्त्रिकीकरणमा सहयोग गरिएको केन्द्रका प्रमुख परशुराम अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार चालु आवमा कोदो बालीको प्रवर्द्धनका लागि किसानलाई रु पाँच लाख वितरण गरिएको छ । किसानलाई यान्त्रिक हलो र थ्रेसर मेसिन उपलब्ध गराइएको भन्दै यसले खेतबारी खनजोत गर्न र उत्पादन भइसकेपछि कोदो झार्न सहज हुने भएको उहाँको भनाइ छ। किसानलाई कार्यबोझ घट्नाका साथै उत्पादन लागत समेत कम होस् भन्ने उद्देश्यले यान्त्रिकीकरणमा सहयोग गरिएको कार्यालयले जनाएको छ । यसबाहेक परम्परागत जातका बालीका रुपमा रहेका फापर, धान, जौ, कोदोको प्रशोधनका लागि रु चार लाख अनुदान वितरण गरिने अधिकारीले बताउनुभयो । पर्वतमा झापे, डल्ले, मड्सिरे र स्थानीय जातको कोदो उत्पादन हुँदै आएको छ।

जिल्लाको आठ हजार तीन सय ४० हेक्टर क्षेत्रफलमा कोदोको उत्पादन हुने अधिकारीले जानकारी दिनुभयो। यस वर्ष पर्वतमा आठ हजार तीन सय १० मेट्रिक टन कोदो उत्पादन भएको छ जसमध्ये पाँच हजार एक सय ७५ मेट्रिक टन कोदो निर्यात भएको कार्यालयले जनाएको छ।रु २३ करोड २८ लाख ७५ हजार भित्र्याइएको कृषि ज्ञान केन्द्रका प्रमुख अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार उत्पादित कोदोमध्ये तीन हजार एक सय ३५ मेट्रिक टन किसानले खाद्यान्न, बीउ र गाईभैँसीको दानाका रुपमा प्रयोग गरेका छन् । परम्परागत जातको कोदोको माग बढेपछि केही किसान व्यावसायिक उत्पादनमा लागेका छन् । जिल्लाको सबै क्षेत्रमा कोदो उत्पादनका लागि उपयुक्त हावापानी रहेको कार्यालयले जनाएको छ।

> पछिल्लो केही वर्षयता पर्वतको कुश्मा बजारका होटलहरुमा कोदोका परिकारको माग बढ्न थालेको होटल व्यवसायी कृष्णप्रसाद श्रेष्ठले बताउनुभयो ।
>
> ❖❖❖

पछिल्लो केही वर्षयता पर्वतको कुश्मा बजारका होटलहरुमा कोदोका परिकारको माग बढ्न थालेको होटल व्यवसायी कृष्णप्रसाद श्रेष्ठले बताउनुभयो । कोदोको ढिँडोसँगै, भाँगो, टिमुर र स्थानीय उत्पादनको परिकार पाहुनाले माग गर्न थालेका उहाँको भनाइ छ।

माग बढेसँगै गाउँबाट कोदोको पीठो मगाएर पाहुनालाई ढिँडो खुवाउने गरेको श्रेष्ठले बताउनुभयो।

मुख्यगरी मधुमेह र ग्याष्ट्रिक रोगवाट पीडितले कोदोको परिकार बढी मात्राा खाने गरेका छन् । अहिले ग्रामीण क्षेत्रमा उत्पादित कोदो स्थानीयले मदिरा बनाउन पनि प्रयोग गर्दै आएका छन्।

बजारमा विभिन्न परिकार बनाएर बिक्री गर्ने प्रचलन बढ्दै गएको कृषि ज्ञान केन्द्रका बागवानी विकास अधिकृत शङ्कर पौडेलले बताउनुभयो । कोदो उत्पादनका लागि प्रोत्साहनमूलक कार्यक्रम थालेसँगै क्षेत्रफल समेत बढ्ने केन्द्रको अनुमान रहेको छ।रासस

# कृषि यान्त्रिकीकरणः किसानलाई अनुदानमा हाते ट्र्याक्टर

गोदावरी । जिल्लाको चुरे गाउँपालिकाले व्यावसायिक रुपमा कृषिमा आबद्ध किसानलाई हाते ट्र्याक्टर वितरण गर्ने भएको छ।

गाउँपालिकाले चालु आर्थक वर्षमा २३ जना किसानलाई ५० प्रतिशत अनुदानमा हाते ट्र्याक्टर वितरण गर्नेभएकोहो।



गाउँपालिकाका छवटै वडाबाट ५८ जना किसानले हाते ट्र्याक्टर अनुदानका लागि निवेदन दिएकामा २३ जनालाई ट्र्याक्टर वितरण गरिने कृषि शाखा प्रमुख दीपकराज पाण्डेयले बताउनुभयो।सङ्घीयसरकारको अनुदान कार्यक्रमअन्तर्गत सो गाउँपालिकाका छवटै वडाबाट छनोट भएका ती किसानलाई ५० प्रतिशत अनुदानमा हाते ट्र्याक्टर वितरण गरिन लागेको उहाँले बताउनुभयो। किसानलाई अनुदानमा प्रति किसान रु एक लाख २५ हजारको लागतमा हाते ट्र्याक्टर वितरण हुन लागेको हो।

कृषिको आधुनिकीकरण तथा उत्पादन लागत घटाई उत्पादन बढाउने उद्देश्यले किसानलाई हाते ट्र्याक्टर उपलब्ध गराइने कार्यक्रमलाई प्राथमिकता राखेको गाउँपालिका अध्यक्ष चक्रबहादुर बोगटीले बताउनुभयो । चुरे गाउँपालिका अदुवा, सुन्तला, कृषि, पशुपालनको पकेट क्षेत्रका रुपमा चिनिँदै आएकाले कृषकलाई व्यावसायिक रुपमा कृषिमा आत्मनिर्भर बनाउने नीति गाउँपालिकाले लिएको उहाँले बताउनुभयो । कृषि शाखाले चुरे गाउँपालिकाका कृषकलाई अनुदानमा उन्नत जातका बीउबिजन, तरकारी राख्ने क्यारेट, विषादीलगायत सामग्री वितरण गरिसकेको जनाइएको छ।

यसैगरी गाउँपालिका र जिआइजेडको लागत साझेदारीमा किसानको मागलाई ध्यानमा राखेर गाउँपालिकामा माटो परीक्षण ल्याब सञ्चालन गर्ने भएको छ। लागत साझेदारीमा चालु आवभित्रै सिँचाइका लागि गाउँपालिका छवटै वडामा दुई सय वटा सिमेन्ट ट्याङ्की, दुई वटा पोखरी, दुई वटा हाइटेक नर्सरी निर्माण गरिने चुरे गाउँपालिकाले जनाएको छ।रासस

# ध्वनि प्रदूषण गर्ने सवारीसाधनको प्रेसर हर्न निकालियो



टुडे समाचारदाता

जनकपुरधाम । जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले एक सय १० वटा ठूला सवारसाधनको प्रेसर हर्न निकालिएको छ । ध्वनि प्रदूषण नियन्त्रण अभियान कार्यक्रमअन्तर्गत सो प्रेसर हर्न निकालिएको ट्राफिक प्रहरीले जनाएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक हरिबहादुर वलीले बजार क्षेत्रमा हर्न बजार ध्वनि प्रदूषण गरेको सवारीसाधनबाट प्रेसर हर्न निकालिएको बताए ।

कार्यालय मातहतका ट्राफिक प्रहरीले जिल्लाको विभिन्न स्थानमा ठूला सवारीसाधनको प्रेसर हर्न जाँच गरी कारबाही गर्दै प्रेसर हर्न निकालिएको उनले जानकारी दिए ।

प्रहरी निरीक्षक वलीले भने, "कम्पनीले दिएको भन्दा धैरै प्रेसर हर्न राखेर विद्यालय क्षेत्र, बजार क्षेत्र, मुख्य व्यापारिक केन्द्रमा प्रेसर हर्न बजाउने सवारीसाधनको हर्न झिकेका छौं ।" एक पटक हर्न निकालेपछि पुनः प्रेसर हर्न जडान गेरर बजाएमा जरिवाना गरिने उनले बताए ।

ठूलो आवाजमा प्रेसर हर्न बजाउँदा बाटोमा हिँड्ने पैदल यात्री, साइकल यात्री, बिरामी र विद्यार्थी आत्तिएर छिटो बाटो क्रस गर्न खोज्दा दुर्घटना बढी हुने गरेकाले सवारी दुर्घटना न्यूनीकरण गर्नका लागि पनि प्रेसर हर्न निकालिएको उनको भनाइ छ ।

# '२० वर्षभन्दा कम उमेरमा विवाह हुन दिन्नौँ'

टुडे समाचारदाता

मलंगवा । ग्रामीण नारी उत्थान संघ हरिपुरले सेभ द चिड्रेनसँग समन्वय गरी जवर्जस्ती हुने विवाह र बालविवाह अन्त्यका लागि धर्मगुरु, पुरोहित, पास्टर र मुड्बी मौलानाबीच अन्तरक्रिया गरेको छ ।

चाइल्ड अर्ली फोर्स्ड म्यारिज (सीईएफएम) परियोजना अन्तर्गत अन्तरक्रियासहित अभिमुखीकरण कार्यक्रम गरिएको परियोजना संयोजक सिर्जना बस्नेतले जानकारी दिईन् । उनका अनुसार ईश्रपुर र हरिपुरका सरोकारवालालाई सहभागी गराई लालबन्दीमा कार्यक्रम गरिएको छ ।

संस्थाका संस्थापक सदस्य एवं उपाध्यक्ष विष्णुप्रसाद चालिसेको अध्यक्षतामा आयोजक कार्यक्रममा सेभका लाइन म्यानेजर शान्तिराम भण्डारी, ग्रामीण नारी उत्थानका निर्देशक डा. कमल बहादुर थिङ, संस्थाका सचिव सूर्यप्रसाद चालिसेसहित सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधि, दुवै नगरपालिकाका रहेका इलाका प्रहरी कार्यालयको महिला शाखाको इन्चार्जलगायत अन्य सरोकारवालाको उपस्थिति रहेको थियो ।

कार्यक्रमबाट ८ बुँदे संकल्प पत्र जारी गरिएको छ । जसमा २० वर्षभन्दा कम उमेरमा हुने विवाह अस्वीकार गर्ने, विद्यमान कानूनको पालना गर्ने, उमेर नपुग्दै हुने विवाह रोक्न लागिपर्नेलगायतका रहेका छन् ।



सहभागी धार्मिक गुरुहरुले बाल विवाह नियन्त्रणका लागि समूह बनाएर सचेतनामा लागिपर्ने प्रतिवद्धता जनाएका छन् । बालविवाह र जवरजस्ती वा उमेर नपुग्दै हुने विवाह न्यूनीकरणका लागि रचनात्मक गतिविधि गर्न ईश्वरपुरमा हिमालय भट्टराई र हरिपुरमा जटाशंकर राउतको नेतृत्वमा सात-सात सदस्यीय समिति बनाइएको परियोजना संयोजक बस्नेतले बताईन् ।

# जानकी नवमी सम्पन्न



संजय कुमार यादव

जनकपुरधाम । प्रत्येक वर्ष वैशाख शुक्ल नवमीका दिन आयोजना हुने जानकी नवमी धुमधाम साथ मनाइएको छ ।

> जानकी नवमीको अवसरमा शुक्रबार विहानै दुधमती नदीमा शाही स्नान गरिएको छ भने मन्दिरमा बधाइगान, प्राकट्य उत्सव, झाँकीकिर्तनलगायतका विविध कार्यक्रम आयोजन गरी जानकी नवमी मनाइएको छ ।

माता जानकीको जन्मदिनको स्मरणमा जनकपुरधाममा शुक्रबार जानकी नवमी मनाइएको छ । वैशाख शुक्लनवमीको दिनलाई जानकी नवमीको रुपमा मनाउने परम्परा रहेको छ।

माता जानकीको जन्मदिनको अवसरमा जानकी मन्दिरमा पूजाअर्चनाभजनकीर्तनसहितझाँकी गरी जानकी नवमी मनाइएको छ।

जनकपुरधामस्थित जानकी मन्दिर, राम मन्दिर र जनक मन्दिरलगायतका मन्दिरमा पूजाआजा गर्ने श्रद्धालुहरुको भीड लागेको थियो ।

जानकी नवमीको अवसरमा शुक्रबार विहानै दुधमती नदीमा शाही स्नान गरिएको छ भने मन्दिरमा बधाइगान, प्राकट्य उत्सव, झाँकीकिर्तनलगायतका विविध कार्यक्रम आयोजन गरी जानकी नवमी मनाइएको छ ।

दुधमतीमा शाही स्नान गरेपछि शुक्रबार दिउँसो १२ बजे आरती महोत्सव तथा जानकीको डोलासहित जनकपुरधाम नगरको परिक्रमा र सन्ध्या आरतीसहितका कार्यक्रममा भक्तजनहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

जानकी नवमीको अवसरमा मन्दिर प्राङ्गणमा रामलीला, रासलीला र मानस विभूषित नरहरि दासद्वारा राम कथाको समेत आयोजना गरिएको र प्रत्येक दिन बधाई तथा मंगल गान पनि भएको थियो ।

जानकी नवमीका दिन नेपाल-भारतका विभिन्न स्थानबाट श्रद्धालु भक्तजनहरु जानकी मन्दिरलगायतका विभिन्न मन्दिरमा पूजाअर्चना गरेका थिए ।

# मलंगवाबाटै लाइसेन्स वितरण



टुडे समाचारदाता

मलंगवा । सर्लाही सदरमुकाम मलङ्गवाबाट सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरण कार्य सुरु भएको छ । यातायात व्यवस्था कार्यालय मलङ्गवाले शुक्रबार चक्रघट्टा गाउँपालिका-६, पडरियाका स्नेहाकुमारी मण्डललाई स्कुटरको ट्रायल पास भएपछि पहिलो सेवाग्राहीको रुपमा लाइसेन्स प्रदान गरेर यो सेवा प्रारम्भ गरेको छ ।

मण्डललाईमधेश प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री बेची लुङ्गेलीले लाइसेन्स प्रदान गर्दै लाइसेन्स वितरण कार्यको शुभारम्भ गरिन् ।

मन्त्री लुङ्गेलीले कार्यालय स्थापनाको छोटो समयमै व्यवस्थापन मिलाएर लाइसेन्स वितरण कार्य प्रारम्भ गरेको भन्दै खुशी व्यक्त गरिन् । सेवाग्राहीबाट अत्यन्त गुनासो आउनेमध्येको यातायात व्यवस्था कार्यालयको सेवालाई चुस्त, दुरुस्त र पारदर्शी बनाउनुपर्नेमा मन्त्री लुङ्गेलीले जोड दिइन् ।

यातायात व्यवस्था कार्यालय मलङ्गवाका प्रमुख राकेशकुमार यादवले लाइसेन्स वितरणसँगै कार्यालयबाट अब सम्पूर्ण सेवा प्रारम्भ भएको बताए । उनले आफू कार्यालय प्रमुख रहुन्जेल सेवाग्राहीलाई दुःख दिने र गलत काम हुन नदिने बताए । लाइसेन्स वितरण शुभारम्भ कार्यमा प्रदेशसभा सदस्य कौशलकिशोर राय, निवर्तमान प्रतिनिधि सभा सदस्य प्रमोद साहलगायत सहभागी भएर शुभकामना व्यक्त गरे । सदरमुकाम मलङ्गवामा गत मङ्सिर १७ गते यातायात व्यवस्था कार्यालयको उद्घाटन भएको थियो ।

मलङ्गवामै लाइसेन्स वितरण तथा नवीकरण, सवारी किताब (ब्लु बुक) दर्ता तथा नवीकरण, रुट परमिटसहितका सेवा पाएपछि यहाँका सेवाग्राहीलाई बर्दिवास तथा अन्य जिल्लाका यातायात व्यवस्था कार्यालयमा धाउनुपर्ने बाध्यता टरेको छ ।

# अतिरिक्त क्रियाकलाप सम्पन्न

टुडे समाचारदाता

मलंगवा । शैक्षिक स्तर उकास्ने मुख्य उद्देश्य राखी हरिवन नगरपालिका ८ मा १० दिनसम्म विद्यार्थीलाई सहभागी गराई अतिरिक्त क्रियाकलाप गरिएको छ ।




हरिवन ८ को वडा कार्यालयले पहल गरी वडाभित्रका निजी तथा सामुदायिक विद्यालयमा अध्ययनरत् करिव २५० जना विद्यार्थीलाई सहभागी गराएर अतिरिक्त क्रियाकलाप संचालन गरेको छ । वडाभित्रका विद्यार्थी जहाँ पढेको भए पनि १० दिनसम्मको हाजिरीजवाफ, वतृत्वकला, वादविवाद, गायन, नृत्य, कविता वाचन, कथा वाचन, चित्रकलालगायतको प्रतियोगितामा सहभागी गराइएको छ ।

अतिरिक्त क्रियाकलाप संचालन गर्न चुरे आधारभूत विद्यालयका प्रधानाध्यापक डिल्लीराम भट्टराई, जनजागृति माध्यमिक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष तथा पूर्व शिक्षक विनोद भट्टराई र महादेव जनता नमूना माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक जयशंकर सिंह सदस्य रहेको समिति गठन गरिएको थियो । सोही समितिले आजसम्ममा अतिरिक्त क्रियाकलाप सम्पन्न गराएको छ ।

अतिरिक्त क्रियाकलापका बिजेता विद्यार्थीलाई चुरे आभारभूत विद्यालय चापिनीमा एक कार्यक्रमको आयोजना गरी हरिवनका मेयर रमेश बुढाथोकी (कमल), उपमेयर हरिमाया घलान, वडाध्यक्ष प्रज्वल ढुंगानालगायत भएर पुरस्कार वितरण गर्दै प्रतियोगिताको समापन गरेका छन् । यस प्रकारको क्रियाकलापले विद्यार्थीलाई अझ उर्जा थप्ने विश्वास गरिएको वडाध्यक्ष ढुंगानाले बताए ।

# पार्टी छोडेकालाई फर्कर आउन उपेन्द्र यादवको आग्रह

टुडे समाचारदाता

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले छोडेर गएकाहरूलाई आफ्नो पार्टीमा फर्कन आग्रह गरेका छन् ।

शुक्रबार आह्वान पत्र जारी गर्दै यादवले सबैलाई मूलधारको पार्टीमा फर्कन आग्रह गरेका हुन् । यादवले भनेका छन्, 'जसपा नेपालबाट अलग भएर जानु भएका विभिन्न तह तप्काका साथीहरूलाई मूलधारमा फर्कन आह्वान गर्दछौं ।'

उनले जसपा नेपाल विशिष्ट सोच, सिद्धान्त र एजेन्डा बोकेको पार्टी भएको दाबी गरेका छन् । जसपा नेपाल समाजवादी आन्दोलन, पहिचान, संघीयता र गणतन्त्रका सवालमा प्रतिवद्ध रहेको यादवको भनाइ छ ।


## बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर, सिपालु, सक्षम, योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण श्रृजना गरौं,
- उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसंग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सृजनशील र क्षमता बढाऔं,
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसंग सुरक्षित रहेको अनुभूति गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# दुर्घटनमा युवकको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा स्कूल बस र मोटरसाइकल ठोक्किँदा एक युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाइकल चालक विदेह नगरपालिका ७ का २० वर्षीय सन्तोष यादव रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

धनुषा प्रहरीले जनाए अनुसार शुक्रबार हुलाकी सडकखण्ड अन्तर्गत विदेह नगरपालिका- ७ को जोगियारास्थित तिनकोरियाबाट औरही तर्फ आउँदै गरेको प्रदेश २ ००२ ००४ प ३७८२ नम्बरको मोटरसाईकल र विपरीत दिशातर्फबाट जाँदै गरेको ना ४ ख ५७० नम्बरको लर्ड गणेश इंग्लिस बोर्डिंग स्कूलको बस ठोक्किएको थियो ।

ठक्करबाट गम्भीर घाइते भएका यादवलाई उपचारको लागि जनकपुरधामस्थित अस्पतालमा ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको धनुषा प्रहरीले जनाएको छ । मोटरसाइकलमा पछाडि सवार रहेका स्थानीय सुमित राइ भने सो दुर्घटनामा घाइते भएको जनाइएको छ ।






जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८